# अध्याय - एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

नेपाल भूपरिवेष्ठित देश हो । नेपालले विश्वको कुल क्षेत्रफलको ०.०३ प्रतिशत र एशिया महादेशको कुल भू- क्षेत्रको ०.३ प्रतिशत क्षेत्रफल ओगटेको छ ।

क्षेत्रफलमा सानो मुलुक भएतापनि भौगोलिक एवं पर्यावरणीय विविधता भएकाले त्यस अनुरुप सांस्कृतिक तथा सामाजिक विविधता छ । समुद्री सतहबाट ६० मिटर देखि ८ हजार ८ सय ४८ मिटर अग्लो हिमशिखर सगरमाथा यसै भू-खण्डमा अवस्थित छ ।

नेपाल एक बहु-जातीय, बहु-सांस्कृतिक र बहु-धार्मिक र बहुभाषिक मुलुक हो । राजनीतिक सिद्धान्तमा संघीयता, लोकतन्त्र र गणतन्त्रलाई अंगिकार गरेको छ । हिन्दू, वौद्ध, मुस्लिम, ईसाई, शिख, जैन र प्रकृतिपूजक धर्महरु अस्तित्वमा छन् । ९२ भन्दा धेरै भाषाभाषीहरुको अस्तित्व रहेको छ । विभिन्न जातजातिका आ-आफनै मौलिक सांस्कृतिक परम्परा रितिरिवाज, चाडपर्व एवं संस्कारहरु रहेका छन् । आर्य तथा मंगोल जातिको बाहुल्यता भएता पनि द्रविड र आष्ट्रिक मुलका मानव प्रजातिको पनि उपस्थित रहेको पाईन्छ ।

राजनीतिक सामाजिक घटनाक्रम वा शासक वंशको उदय र पतनका घटनालाई हेर्दा पनि यहाँ गोपालवंश, आभिर, किराँत, लिच्छवि, खस, मल्ल एवं शाहकाल सम्मका शासकहरुले शासन गरेको देखिन्छ । यसप्रकार विभिन्न समयमा विभिन्न क्षेत्रबाट अनेक वंश तथा जातजाति नेपालमा आएर समिश्रण हुने प्रक्रियाले यहाँको धार्मिक तथा भाषिक सांस्कृतिक र बहु- जतीय विविधतालाई निकै सहयोग पुऱ्याएको देखिन्छ । नेपालको हिमाली क्षेत्रमा भोटे, शेर्पा, ल्होमी, तोक्पेगोला लगायतका भोटेमुलका मानिसहरुको वाहुल्यता रहेको छ भने पहाडमा ब्राम्हण, क्षेत्री, मगर, गुरुङ, नेवार, राई, लिम्बु, तामाङ जस्ता कैयन जातजातिहरुको बस्ती रहेको छ ।

नेपालका प्राचीन जातिहरु मध्य खस जाति अर्न्तगत खुलाल कुँवर एक जाति हो । अन्य पहाडी जाति सरह यो जाति निकै समय अगाडि देखि पहाड क्षेत्रमा बसोवास गर्दै

आएको छ । शारीरिक बनोटमा स्पष्टरुपले आर्य वा 'खश' प्रभाव देख्न सकिने यो जाति तगाधारी क्षेत्री वर्गमा पर्दछ । कथा किम्वदन्ती तथा खुलाल कुँवर वंशको वंशावलीले यो जातिलाई अफगानिस्तान, भारत, पाकिस्तान, नेपालका पूर्व र पश्चिममा बस्ने खश समुदायको नजिक पुऱ्याउँदछ । आफनै भाषा, लिपी, सामाजिक व्यवस्था भएको यो खस खुलाल जाति अन्य खश समान भएपनि फरक प्रकृतिको रहेको छ । जुन यस अनुसन्धानमा समेट्ने प्रयास गरिएको छ । उनीहरुको शाररीक संरचना, भाषा, साहित्य आदिको आधारमा धेरै मानवशास्त्री बिद्वानहरुले उनीहरुलाई आर्य वा खस जातिहरुको नजिक राखेर हेरेका छन् । आफनो भाषा ,लिपी भएको अन्य खश जाति खप्तडी, श्रीपाली, सपादलक्षसंग नजिकको सम्बन्ध रहेको छ ।

हालमा अछाम जिल्लाको जनालीकोट मुलथलोको रुपमा परिभाषित गरिएको यो जातिले नेपालका अन्य जिल्लामा पनि आफ्नो वंशवृक्ष विस्तार गरेका छन् । उनीहरु आफ्नो जातीय र केन्द्रस्थलको रुपमा जनालीकोट र आसपासको पाँचसय र आठसय दरालाई नै लिन्छन् । यस अर्न्तगतका खश खुलाललाई हेर्दा उनीहरुको आर्थिक, सामाजिक र शैक्षिकस्तर ठाउँ हेरी मध्यम र न्युनस्तरको रहेको छ । जे भएता पनि उनीहरुले पुर्ख्यौली रुपमा आफनै जातीय संस्कृति भाषा, धर्म , पहिरन आदि मौलिक परम्परालाई अंगाल्दै आएका छन् । पछि आएर यस जातिमा वाह्य परिबेश, खानपान भाषा र संस्कृतिको प्रभाव परेको देखिन्छ । यसको प्रभाव खस खुलालहरुमा पनि परेको देखिन्छ ।

### १.२ समस्या कथन

नेपालमा हालसम्म जातीय सूचीकरणमा यो समुदायलाई आदिवासीको सूचीमा सुचिकृत गरिएको छैन् । शताव्दीयौं देखि यस क्षेत्रमा बसोवास गरि आएको यो जातिको गहन अध्ययन हुन सकेको छैन् जुन आजको एउटा प्रमुख समस्या हो । नेपालमा रहेका विभिन्न जातिहरुमध्ये खश खुलाल कुँवर जाति पनि एक हो । यो जातिका मानिसहरु मध्य र सुदुरपश्चिम नेपालको पाल्पा ,बाग्लुङ, कास्की, अर्धाखाँची ,अछाम, डोटी डडेल्धुरा ,लगायतका जिल्लामा बसोवास गर्दछन् । तथापि यस जातिको वारेमा बिस्तृत अध्ययन हुन सकेको छैन् । अछाम जिल्लाको साँफेबगर-८ चण्डीकामा बसोवास गर्ने खश खुलाल कुँवर समुदायको आफनै मौलीक संस्कृति रहेको छ । जुन समय कालक्रममा लोप हुने क्रममा छ ।

यस शोधपत्रको सम्बन्धमा निम्न अनुसार समस्या देखिएका छन् ।

क. खस खुलाल कुँवर समुदायको बसोवास र ऐतिहासिकता खोजी नहुनु ।

ख. खस खुलाल कुँवर समुदायको भौतिक संस्कृतिको अध्ययन नहुनु ।

ग. खस खुलाल कुँवर समुदायको अभौतिक संस्कृतिको खोजी नहुनु ।

## १.३ अध्ययनको उद्देश्य

यस शोधकार्यका निम्न लिखित उद्देश्यहरु निर्धारण गरिएको छ ।

- खस खुलाल कुँवर समुदायको बसोबास र ऐतिहासिकताको खोजी गर्नु ।
- खस खुलाल कुँवर समुदायको भौतिक संस्कृतिको अन्वेषण गर्नु ।
- खस खुलाल कुँवर समुदायको अभौतिक संस्कृतिको अन्वेषण गर्नु ।

## १.४ पूर्व साहित्य समिक्षा :

कुनै पनि शोध अुनसन्धानमा पूर्वसाहित्य समिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । पूर्व साहित्यको समिक्षाले अनुसन्धान गर्न चाहेको विषयमा यस अनुसन्धान गर्दाको समयभन्दा पहिलेका पूर्व अध्ययताहरुले के के लेखेका छन् र तिनमा के के बिषय छुटेका छन् सो पत्ता लगाउको लागि पूर्वसाहित्य समिक्षा गरिन्छ । पूर्वस्थापित सिद्धान्तको आधारमा नयाँ सिद्धान्त प्रतिपादन गर्न वा पूर्वस्थापित सिद्धान्तहरुको पुनर्विश्लेषण गर्न पूर्वसाहित्य समिक्षाले प्रभावकारी भूमिका खेलेको हुन्छ । मुलतः किन अध्ययन अनुसन्धान किन गरिदैछ र अनुसन्धानको प्रश्न के हो ? वा अनुसन्धानको समस्या के हो ? सो पत्ता लगाउन पूर्वसाहित्य समिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसै पृष्ठभूमीमा रहेर प्रस्तुत शोधको लागि आवश्यक पर्ने केही सन्दर्भग्रन्थहरुको संक्षिप्त परिचर्चा तलका परिच्छेदहरुमा गरिएको छ ।

कुलचन्द्र कोईरालाद्धारा लिखित **नेपाली खस बाहुनका कुल देवता मष्टो** ( **वि. सं २०५२** ) नामक पुस्तक प्रस्तुत शोधपत्रको लागि निकै उपयोगी छ । खसको खास इतिहासको साङ्गोपाङ्गो अध्ययन गरिएको यस पुस्तकले अहिले प्राज्ञिक जगतमा उठिरहेको को आदिवासी को जनजाति भन्ने प्रश्नमा खस समुदायको प्राचीनतालाई प्रमाणित गर्दै उक्त

प्रश्न माथि सटिक जवाफ दिएको छ । काश्मिर देखि कम्बोडिया हुँदै मध्यएशिया सम्म फैलिएको खस सभ्यतालाई पौराणिक र ऐतिहासिक प्रमाणबाट प्रमाणित गरिएकाले यस शोधपत्रमा उक्त पुस्तकको निकै उपयोग गरिएको छ । खस जाति आर्यहरु भारतवर्ष आउनु भन्दा पहिले देखि तात्कालीन पौराणिक साहित्यहरुमा परिचर्चा गरिएको छ । यस शोधपत्रको आंशिक आवश्यकता परिपूर्तिको लागि यस पुस्तकलाई सन्दर्भ सामग्रीको रुपमा उपयोग गरिएको छ ।

सूर्यमणी अधिकारीबाट लिखीत **पश्चिम नेपालको खस अधिराज्य** ( **वि. सं २०५३** ) नामक पुस्तक प्रस्तुत शोधपत्रको आंशिक परिपूर्तिको लागि निकै महत्वपूर्ण भूमिका रहेको छ । खसको इतिहासको सन्दर्भमा पौराणिक सन्दर्भहरुको परिचर्चा गर्दै यस जातिको प्राचीनतालाई प्रमाणित गर्ने प्रयास गरिएको छ । खसहरुको राजनीतिक अभ्यास, सैन्य व्यवस्था, प्रशासनिक व्यवस्था, लगायतका विषयमा परिचर्चा गरिएको यस पुस्तकले प्रस्तुत शोधको आंशिक परिपूर्तिको लागि महत्वपूर्ण भूमिका खेलेको छ । छ अध्यायहरुमा विभाजित प्रस्तुत पुस्तकको पहिलो अध्यायमा प्राचीन खस समुदायको प्राचीनताको विषयमा परिचर्चा गरिएको छ भने दोश्रो अध्यायमा राज्यको स्थापना र राजवंशवारे परिचर्चा गरिएको छ । तेश्रो अध्यायमा खस राज्यको उत्कर्ष र विघटनका कारणहरुको परिचर्चा गरिएको छ भने पाँचौ र छैटौं अध्यायमा प्रशासनक व्यवस्था, समाज र संस्कृति आदि विषयमा परिचर्चा गरिएको छ । समग्रमा प्रस्तुत शोधपत्रको आंशिक परिपूर्तिको लागि यस पुस्तकको उपयोग गरिएको छ । यस पुस्तकमा अछामस्थित खस खुलाल कुँवरहरुको विषयमा परिचर्चा गरिएको छैन तरपनि प्रस्तुत शोधपत्रमा खस खुलाल कुँवरहरुको अध्ययन गर्दा खस जातिको पनि संक्षिप्त परिचर्चा गर्नु आवश्यक नै हुन्छ । यस अर्थमा यस पुस्तकको विशेष भूमिका रहन्छ ।

बालकृष्ण पोखरेलद्वारा लिखित **खस जातिको इतिहास** ( **वि. सं २०५५** ) नामक पुस्तक प्रस्तुत शोधपत्रको आंशिक परिपूर्तिको लागि महत्वपूर्ण सन्दर्भ सामग्री हो । यस ग्रन्थमा खस जातिको इतिहासलाई ऐतिहासिक र पौराणिक साहित्यहरुको आधारबाट प्रमाणित गर्दै खस सभ्यता र संस्कृतिको बिस्तृत परिचर्चा गरिएको छ । नेपाली सामाजिक र सांस्कृतिक संरचनामा खस सभ्यताले दिएको योगदान र पारेको प्रभावलाई समुचित कोणबाट विश्लेषण गरिएको यो पुस्तकलाई महाग्रन्थ भन्दा अत्युक्ति नहोला । खस समुदायमा निहित सामाजिक संरचनामा विभिन्न जाति र उपजातिहरुको छलफल गर्ने

क्रममा खुलाल कुँवरहरुको पनि परिचर्चा परेकोले खुलाल कुँवरहरुको परिचर्चाको लागि यो पुस्तकको महत्व देखिन्छ । खुलाल कुँवरहरुको छोटकरीमा परिचर्चा गरिएकोले खुलाल कुँवरहरुको समग्रता यस ग्रन्थमा पाईदैन ।

वर्तमान खसआर्य र आदिवासी जातिहरु बीच उठिरहेको जातीय पहिचान र प्राचीनताको मुद्दामा यस ग्रन्थले निर्णायक भूमिका निर्वाह गर्न सक्ने प्रमाणहरुको खोजी गरिएको छ । नेपालको ऐतिहासिक पृष्ठभूमिमा हेर्दा को आप्रवासी को आदिवासी छुट्याउनै नसकिने गरी सामाजिक संरचना बनेको तथ्यलाई यस पुस्तकले प्रमाणित गरेको छ । आदिवासी समुदायका सामाजिक र सांस्कृतिक चिन्तन परम्परामा खस संस्कृतिको प्रभाव देखिएको तथ्यलाई बालकृष्ण पोखरेलले प्रमाणको आधारमा स्वीकार गरेका छन् । यदि प्राज्ञिक छलफलको मैदानमा उत्रिने हो भने, की बालकृष्ण पोखरेललाई मतलाई स्वीकार गर्नुपर्यो यदि अस्वीकार गर्ने हो भने खण्डन गर्ने आधारहरु र प्रमाणहरु पेश गर्न सक्नु पर्‍यो । होईन भने उनले स्थापना गरेको सिद्धान्तलाई स्वीकार गर्नुको बिकल्प छैन ।

सूर्यमणी अधिकारीद्धारा लिखित **जुम्ला राज्यको इतिहास ( वि. सं २०५५** ) नामक पुस्तक प्रस्तुत शोधपत्रको सैद्धान्तिक परिपूर्तिको लागि उपयोगी देखिन्छ । खस राज्यको पतनपछि विभिन्न टुक्रामा टुक्रिएका राज्यहरु मध्य जुम्ला राज्य पनि एउटा महत्वपूर्ण राज्य थियो । यो जुम्ला राज्य तात्कालिन नेपाल अधिराज्यममा विलय भएसंगै खस सभ्यता समग्र नेपालमा गाभिन्छ । खस संस्कृतिको संक्षिप्त परिचर्चा गर्दा यस पुस्तकको विशेष भूमिका देखिएकोले यस शोधपत्रको आंशिक परिपूर्तिको लागि यस पुस्तकको उपयोग गरिएको छ ।

ध्वजबहादुर कुँवरबाट सम्पादित **कुँवर वशावली ( वि. सं २०५६** ) नामक पुस्तक प्रस्तुत शोधपत्रको सैद्धान्तिक परिपूर्तिको लागि महत्वपूर्ण वंशावली ग्रन्थ हो । कुँवरहरुको जातीय इतिहासको अध्ययनको लागि यो पुस्तक आधार ग्रन्थकको रुपमा प्रयोग गरिएको छ । यस वंशावलीमा आफ्नो जातीय इतिहासको विरासतलाई भगवान ईन्द्रसम्म पुर्‍याएर जातीय गाथाको गुणगान गाइएको छ । समग्रमा खसहरुको इतिहास र मानवशास्त्रीय अध्ययनको लागि यो पुस्तकको महत्वपूर्ण भूमिका रहेको कारणले यस पुस्तकलाई सन्दर्भ सामग्रीको रुपमा सदुपयोग गरिएको छ ।

राजाराम सुवेदीद्धारा लिखित **अछामको इतिहास** ( **वि. सं २०५८** ) नामक पुस्तक यस शोधपत्रको आंशिक परिपूर्तिको लागि बिशेष सन्दर्भ सामग्रीको रुपमा सदुपयोग गरिएको छ । यस क्षेत्रमा खसहरुको आगमनको इतिहास, नेपाली सभ्यताको सिलन्यासमा खस सभ्यताको योगदान, खसहरुको मूर्त-अमूर्त सांस्कृतिक पर्वपरम्परा खस साम्राज्यका पतन भएपछि बाइसे राज्यहरुमा अछामको भूमिका, खस खुलाल कुवँरहरुको वंशावली लगायतका बिषयमा परिचर्चा गरिएको छ । आफ्नो जातीय वंश र बिरासतको जानकारीको लागि यो पुस्तकको विशेष महत्व छ । यस पुस्तकमा कुँवरहरुको वंशावलीको विषयमा परिचर्चा गरिएतापनि कुँवरहरुको सामाजिक र सांस्कृतिक विषयको अध्ययन गरिएको छैन । प्रस्तुत शोधपत्रमा खस खुलाल कुँवरहरुको जातीय वंश परम्पराको अध्ययन गर्दा यस पुस्तकमा वर्णित वंशावलीलाई पनि सन्दर्भ सामग्रीको रुपमा प्रयोग गरिएको छ ।

पेशल दाहाल र सोमप्रसाद खतिवडाद्धारा लिखित **अनुसन्धान पद्धति (वि. सं २०५९)** नामक पुस्तक प्रस्तुत शोधपत्रको लागि महत्वपूर्ण ग्रन्थ हो । विशेषगरी अनुसन्धान के हो ? शोधपत्र के हो ? तथ्य संकलन कसरी गर्ने ? तथ्याङ्क विश्लेषण किन र कसरी गर्ने ? अनुसन्धान ढाँचा कसरी तयार गर्ने ? लगायतका विषयमा चर्चा गरिएको यस पुस्तक प्रस्तुत शोधपत्रको लागि महत्वपूर्ण ग्रन्थ हो । प्रस्तुत शोधपत्रको ढाँचा र खाका तयार गर्न यसै पुस्तकको आधार लिइएको छ । यसकारण प्रस्तुत शोधपत्रको संरचनागत खाका तयार गर्नको लागि यस ग्रन्थको विशेष भूमिका रहेको देखिन्छ ।

सूर्यमणी अधिकारीद्धारा लिखित **खस साम्राज्यको इतिहास** ( **वि. सं २०६१** ) नामक पुस्तक प्रस्तुत शोधपत्रको सैद्धान्तिक परिपूर्तिको लागि महत्वपूर्ण ग्रन्थ हो । यस ग्रन्थमा खस जातिको जातीय संस्कृति र सभ्यताको इतिहास, खस सभ्यताको विभिन्न जातजाति र वर्तमान खस आर्य र क्षेत्रीहरुको जातीय उत्पतीको आधार लगायतका विषयमा संक्षिप्त परिचर्चा गरिएको छ । खस खुलाल कुँवरहरुको विषयमा यस ग्रन्थमा केही पनि परिचर्चा गरिएको छैन । खुलाल कुँवरहरु पनि खस जातिको एउटा प्रशाखा भएकोले यस जोडकोणबाट खस समुदायसंग जोड्ने आधार मिल्दछ ।

डोरबहादुर बिष्टद्धारा लिखित **सबैजातको फुलवारी** (२००७) नामक पुस्तक मानवशास्त्रीय दृष्टिकोणबाट लेखिएको हो । लगभग छब्बिसवटा जातिजनजातिको संक्षिप्त र विवरणात्मक शैलीमा लेखिएको प्रस्तुत पुस्तक कुँवरहरुको विषयमा कुनै उल्लेख नभएतापनि

खस जातिको परिचर्चा गर्दा यस पुस्तकमा वर्णित सन्दर्भहरुको सारलाई साभार गरिएको छ ।

जे.पी. बिजल्वाणद्धारा हिन्दी भाषामा लिखित **टिहरी एवं उत्तर काशीका राजनैतिक एवं सांस्कृतिक इतिहास** ( २००७ ) नामक ग्रन्थको चौथो अध्यायमा खस समुदायको इतिहास, परिचय र सभ्यताको फैलावटको विषयमा परिचर्चा गरिएको छ । मुलतः हिमाली क्षेत्रमा फैलिएको खस समुदायको परिचर्चा गर्ने क्रममा पश्चिम नेपालका खसहरुको सन्दर्भ परेको आधारबाट यस ग्रन्थलाई पनि सन्दर्भ सामग्रीको रुपमा उपयोग गरिएको छ ।

ध्वजबहादुर कुँवरबाट सम्पादित र कुँवर सेवा समाजबाट प्रकाशित **अछामको होरी र धमारी** ( **वि. सं २०६८** ) नामक पुस्तक प्रस्तुत शोधपत्रको आंशिक परिपूर्तिको गर्ने क्रममा सन्दर्भ सामग्रीको रुपमा सदुपयोग गरिएको छ । खस सभ्यतामा प्रचलित होली र धमारी लगायत लोक संगित र संस्कृतीको अध्ययनको लागि महत्वपुर्ण आधार ग्रन्थको रुपमा यस ग्रन्थलाई लिन सकिन्छ । यस ग्रन्थमा विभिन्न छन्द र लयमा गाईने होरी, धमारी र मागल गीतहरुलाई संकलन गरिएको छ । यी गीतहरुमा पौराणिक तथा लोकगाथाहरु अभिव्यक्त गरिएको छ । प्रस्तुत शोधपत्रमा विशेष गरी सामाजिक र सांस्कृतिक विषयमा छलफल गर्दा यो पुस्तकलाई सन्दर्भ सामाग्रीको रुपमा प्रयोग गरिएको छ ।

स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको प्रयोजनको लागि प्रकाश खड्काद्धारा तयार पारिएको **खप्तडी लोक संस्कृति एक अन्वेषण** ( **वि. सं २०६९** ) नामक शोधपत्र यस शोधपत्रको सैद्धान्तिक परिपूर्तिको लागि महत्वपूर्ण भएकोले सन्दर्भसामग्रीको रुपमा प्रयोग गरिएको छ । यस पुस्तकमा खस क्षेत्रको सामाजिक, सांस्कृतिक, तथा प्राकृतिक र भौगोलिक विषयमा परिचर्चा गरिएको छ । खप्तड क्षेत्रको सामाजिक, सांस्कृतिक परम्परा र चण्डीकास्थित खस खुलाल कुँवरहरुको सामाजिक सांस्कृतिक परम्परा हुवहु मिल्दछ । यस क्रममा खस खुलाल कुँवरहरुको सामाजिक सांस्कृतिक परम्पराको अध्ययनको लागि यस शोधपत्रको उपयोग गरिएको छ । यद्यपि यस शोधपत्रमा खुलाल कुँवरहरुको परिचर्चा नगरिएपनि उक्त शोधपत्रको महत्वपूर्ण स्थान रहेको छ ।

श्यामबहादुर खड्काद्धारा लिखित **मस्टो संस्कृति र परम्परा** ( **वि. सं २०७२** ) नामक पुस्तक प्रस्तुत शोधको लागि निकै उपयोगी छ । खस सभ्यता र संस्कृतिको अध्ययनको

लागि यो पुस्तकको महत्वपूर्ण भूमिका रहेको छ । विशेषगरी मस्टो संस्कृतिको बिषयमा गहन अध्ययन गरिएको यस पुस्तकले समग्रमा खस सभ्यताको समग्रतालाई अभिव्यक्त गरेको छ । प्रस्तुत शोधको आंशिक परिपूर्तिको लागि यो पुस्तकको बिशेष महत्व देखिन्छ । यद्यपि यस पुस्तकमा  चण्डीकास्थित खुलाल कुँवरहरुको बिषयमा भने खासै परिचर्चा भएको छैन । तर पनि खुलाल कुँवरहरु मष्टो पूजक भएकाले यस सन्दर्भमा यस पुस्तकको महत्व देखिन्छ ।

वसन्त महर्जनद्धारा लिखित **खस साम्राज्यमा बौद्ध धर्मको उत्थान र पतन** ( **२०१६** ) नामक पुस्तक प्रस्तुत शोधपत्रको सैद्धान्तिक परिपुर्तिको लागि महत्वपुर्ण ग्रन्थको रुपमा सदुपयोग गरिएको छ । खसराजाहरु बौद्ध धर्मको साथसाथै हिन्दू धर्ममा पनि उत्तिकै आस्था राख्थे । कतिपय विद्धानहरुले खस शासकहरुलाई बौद्ध धर्मावलम्बी नै मानेका छन् । यस पुस्तकमा खस सभ्यताको इतिहास र खस राजाहरुको विशेष गरी बौद्ध धर्म र संस्कृतिमा अभिरुची, अभ्यास एवम् योगदानको साथसाथै खस साम्राज्यको पतनको विषयमा परिचर्चा गरेका छन् । खुलाल कुँवरहरुको सांस्कृतिक अध्ययनमा यस पुस्तकको कुनै भूमिका नभएतापनि खस समुदायको विषयमा छलफल गर्दा यस पुस्तकलाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गरिएको छ ।

सुरतबहादुर शाहद्धारा लिखित **अछाम दर्पण** ( **वि. सं २०७४** ) नामक पुस्तक प्रस्तुत शोधपत्रको लागि निकै उपयोगी छ । यस पुस्तकमा अछाम जिल्लाको धार्मिक, सामाजिक, सांस्कृतिक र राजनीतिक लगायत समग्र विषयमाथि बिवेचना गरिएको छ । यस पुस्तकले प्रस्तुत शोधको आंशिक आवश्यकता परिपूर्तिको लागि महत्वपुर्ण भूमिका खेलेको छ । यस पुस्तकमा अछामी खस समुदायको भौतिक, सांस्कृतिक, आर्थिक र सामाजिक बिषयमा बिस्तृत रुपमा बिवेचना गरिए तापनि खुलाल कुँवरहरुको विषयमा परिचर्चा भएको छैन । तर खस खुलाल कुँवरहरुको संक्षिप्त परिचर्चा गर्दा यस पुस्तकको भरपुर उपयोग गरिएको छ ।

माथि उल्लेखित समिक्षा गरिएका पुस्तकहरुको आधारबाट यस शोधपत्र तयार गरिएको छ । माथि विवेचित पुस्तकहरु मध्य वंशावली बाहेक कुनै पनि पुस्तकमा खुलाल कुँवरहरुको इतिहास, संस्कृति, सभ्यता र सामाजिक संरचना एवम् भौतिक सम्पदाहरुको विवेचना गरिएको छैन । यसकारण यो शोधपत्र सिद्धान्त भन्दापनि स्थलगत अध्ययनमा

आधारित छ । सिद्धान्त कम र क्षेत्रगत अध्ययन बढी भएकोले यस शोधपत्रमा प्रस्तुत गरिएका विषयवस्तु र सन्दर्भहरु आधिकारिक छन् । स्थलगत अध्ययनबाट प्राप्त तथ्यहरुलाई सैद्धान्तिकरण गर्ने क्रममा सन्दर्भ सामग्रीको सदुपयोग गरिएको छ ।

## १.५ अध्ययनको औचित्य

यस अध्ययनमा खस खुलाल कुँवर समुदायको सामाजिक अवस्था उनीहरुको संस्कृति, सांस्कृतिक विशिष्ठता परिवर्तनको प्रभाव र संरक्षणको अवस्थावारे उल्लेख गरिएको छ । उल्लेखित विषयहरुलाई हालसम्म भएका अनुसन्धानहरुले पूर्णरुपमा समेट्न सकेका छैनन् । प्रकाशित एवं अप्रकाशित केही सामग्रीहरुले केहीहदसम्म खस खुलाल कुँवर समुदायका विभिन्न पक्षमाथि प्रकाश पारेका छ्न, तथापि विभिन्न कारणबाट हरेक जातिका संस्कृतिमा समय एवम् स्थान बमोजिम फरक फरक प्रभाव हुनेहुँदा यस विषयमा गरिने अध्ययन औचित्यपूर्ण छ । तसर्थ खस खुलाल कुँवर समुदाय सम्बन्धी विगतमा गरिएका अध्ययन अनुसन्धानबाट प्राप्त हुन नसकेका सामाजिक तथा सांस्कृतिक विषयमाथि प्रकाश पारी त्यस अभावलाई यस अध्ययनले केही हदसम्म पुरा गरेको छ । खस खुलाल कुँवर समुदाय सम्बन्धी जिज्ञासु पाठक एवं अनुसन्धानकर्ताका निम्ति पनि यो अध्ययन उपयोगी हुने छ भन्ने आशा गरिएको छ । हालको समयमा विभिन्न जातजातिले आ-आफ्नो संस्कृतिलाई जोगाउन आ-आफनो क्षेत्रबाट महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको अवस्थामा खस खुलाल कुँवर समुदायको सांस्कृतिक अध्ययन गर्नु औचित्यपूर्ण रहेको छ ।

## १.६ अध्ययनको सीमा

### १.६.१ भौगोलिक सीमा

यो अध्ययन नेपालको सुदूरपश्चिम प्रदेश अर्न्तगत सेती अंञ्चल अछाम जिल्ला साँफेबगर नगरपालिका वार्ड नं ८ चण्डीकामा वसोवास गर्ने खश खुलाल कुँवरहरुमा केन्द्रित रहेको छ । चण्डीका क्षेत्रको कुल जनसंख्या २३८३ रहेको छ । जम्मा जनसंख्या मध्य पुरुष १०९५ र महिलाको संख्या १२८८ रहेको छ । यी मध्ये क्षेत्रीको जनसंख्या १३४८, भूल ( सार्की ) ३६६, दमाई र ढोली २३०, मुस्लिम १०४, कामी १६४, पत्ता नलागेको दलित २० रहेका छन् । जम्मा घरधुरी ४७० मध्ये २४७ घरधुरी खस खुलाल कुँवरको रहेको छ । यस

क्षेत्रमा बस्ने खश खुलाल कुँवरहरुमा केन्द्रीत रही यो शोधपत्र तयार गरिएको छ । यो बाहेक अन्य क्षेत्रका खस खुलाल कुँवरहरुको अध्ययन गरिएको छैन ।

### १.६.२. विषयगत सीमा

यस अध्ययनले खस खुलाल कुँवर जातिको सामाजिक पक्षहरु , घरको बनोट, पारिवारिक संरचना, सांस्कृतिक विशिष्टता अर्न्तगत उनीहरुको लवाई खवाई चाडपर्व पूजापाठ, धार्मिक संस्कार एवम् स्थानहरुको वारेमा अध्ययन गरिएको छ । उनीहरुको सांस्कृतिक एवम् सामाजिक अवस्थाको वारेमा प्रष्ट पार्न व्याख्या विश्लेषणका साथै नक्सा एवं तस्वीरलाई समेत प्रयोगमा ल्याईएको छ । ऐतिहासिकता, भौतिक र अभौतिक संस्कृतिको अन्वेषण बाहेक  अन्य पक्षको अध्ययन गरिएको छैन ।

## १.७ अनुसन्धान पद्वति

### १.७.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा मुलतः वर्णनात्मक अनुसन्धानात्मक ढाँचालाई आधार बनाईएको छ । यो ढाँचा कुनै बिषय बस्तुको खोजि गरी महत्वपूर्ण तथ्याङ्क प्राप्त गर्ने र तिनीहरुको वर्णनबाट नयाँ ज्ञान प्राप्त गर्ने बिषयसंग सम्बन्धित छ ( दाहाल र खतिवडा, वि.सं. २०५९, पृ. १३२ -१३३ ) । यस अध्ययनमा वर्णनात्मक अनुसन्धान विधिलाई उपयोग गरिएको छ । कतिय अवस्थामा सम्बन्धित विषय वस्तुका वारेमा जानकारी भएका व्यक्तिहरुसंग सोधपुछ गरेर पनि निश्चित धारणा निर्माण गरिने हुँदा अन्वेषणात्मक अनुसन्धान ढाँचालाई पनि अध्ययनको आधार बनाईएको छ । यस अनुसन्धानमा अछाम जिल्ला साँफेबगर नगरपालिका- ८, चण्डीकामा बसोवास गर्ने खश खुलाल कुँवर समुदायको ऐतिहासिक, सांस्कृतिक धार्मिक तथा सामाजिक पक्षहरुको विश्लेषण गरिएको छ ।

### १.७.२  तथ्याङ्क संकलन विधि

कुनै पनि अध्ययनमा सम्बन्धित विषयमा प्राथमिक तथा द्धितीय श्रोतहरुलाई नै तथ्याङ्क संकलनको आधार मानिन्छ । यस अध्ययनमा पनि तथ्याङ्क संकलन गर्न प्राथमिक र द्वितिय दुवै श्रोतलाई प्रयोग गरिएको छ । प्रकाशित श्रोतहरुको अभावमा अध्ययन क्षेत्रको भ्रमण गरि प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । प्रस्तुत शोधपत्र तयार पार्ने सम्बन्धमा यो अध्ययता

आफ्नो अध्ययन क्षेत्रको पूर्वसर्वेक्षणमा गई त्यहाँ प्राथमिक तथ्याङ्क संकलन पद्वति अपनाई प्रस्तुत शोधपत्र तयार पारिएको हो । प्रस्तुत शोधपत्रमा खश खुलाल कुँवरजातिसंग सम्बन्धित पूर्वप्रकाशित तथा अप्रकाशित पुस्तकहरु पत्रपत्रिकाका लेख रचनाहरुबाट द्वितिय तथ्याङ्क संकलन गरिएको छ भने प्राथमिक श्रोत अन्तर्गत निम्न लिखित पद्वतिको प्रयोग गरिएको छ ।

### १.७.२.१ अवलोकन

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलन गर्नेक्रममा खश खुलाल कुँवर समुदायको वसोवास भएको स्थलमा शोधकर्ता आफै पूर्ण सहभागी भई अवलोकन गरिएको छ । यस अवलोकन अन्तर्गत खश खुलाल कुँवर समुदायको घरको बनोट, खानपिन, भाँडाकुँडा, भेषभूषा, गरगहना, जन्म संस्कार, विवाह संस्कार, मृत्यु संस्कार आदि सामाजिक एवम् सांस्कृतिक पक्ष वारे सम्बन्धित समुदायसंग प्रत्यक्ष सहभागि भई अवलोकन गरिएको छ । तथापि सहभागि अवलोकन विधिबाट मात्रै सम्पूर्ण पक्षको अध्ययन गर्न नसकिने सन्दर्भ भने खश खुलाल कुँवरजातिको चाडपर्व परम्परा रीतिरिवाज लगायतका विभिन्न पक्षहरुलाई बुझ्नका लागि सहभागिमूलक अवलोकन विधि अपनाईएको छ ।

### १.७.२.२ अन्तर्वार्ता

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलन गर्दा खश खुलाल कुँवर समुदाय भित्र जाने-बुझेका पाका व्यक्तिहरु र यस समुदायसंग सम्बन्धित अध्ययन गरेका वा जानकार व्यक्तिहरु एवं आवश्यकता अनुसार विभिन्न जातीय संघसंस्थाका प्रतिनिधिसंग अन्तर्वार्ता लिईएको छ । खश खुलाल कुँवर समुदायको मौलिक एवं सांस्कृतिक पक्ष र त्यसमा आएको परिवर्तन आदि विषयमा केन्द्रित रहेर सम्बन्धित स्थलमा र अन्य क्षेत्रमा रहेका सम्बन्धित जातिका व्यक्तिहरुसंग अन्तर्वार्ता लिएर जानकारी संकलन गरिएको छ । यसक्रममा लोककथा , किम्वदन्ती, मागल, देउडा गीत , हुडक्यौली तथा अरु लोकआख्यानहरुलाई आधार मानिएको छ । अन्तर्वार्तामा औपचारिक र अनौपचारिक दुवै विधि प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

### १.७.२.३ नक्सा र चित्राङ्कन

यस शोधपत्रमा अछाम जिल्लाको नक्सा, साँफेबगर नगरपालिका र वार्ड नं ८, चण्डीका क्षेत्रको नक्शा समावेश गरिएको छ ।

### १.७.२.४ द्धितिय स्रोतः

यस शोधपत्र तयार गर्ने क्रममा प्राथमिक स्रोतहरुको साथसाथै द्धितिय स्रोतहरुको भरपुर सदुपयोग गरिएको छ । स्थलगत अध्ययनबाट प्राप्त तथ्यहरुलाई सैद्धान्तिकरण गर्ने क्रममा पूर्वप्रकाशित कृतिहरुको महत्वपूर्ण भूमिका रहेको छ । साहित्य समिक्षाको आधारबाट नै अनुसन्धानको परिकल्पनालाई यर्थाथमा प्रमाणित गर्ने प्रयास गरिएको छ । विशेष गरी पुस्तक, पत्रपत्रिका, अनुसन्धान प्रतिवेदनहरुको अध्ययन गरी तथ्यको निकट पुग्न द्धितिय स्रोतको महत्वपूर्ण भूमिका हुनेहुँदा यस अध्ययनमा द्धितिय स्रोतलाई अनुसन्धानको दोस्रो महत्वपूर्ण विधिको रुपमा प्रयोग गरिएको छ ।

### १.७.३ नमूना छनोट विधि

अध्ययन क्षेत्र अछाम जिल्ला साँफेबगर नगरपालिका-८, चण्डीका क्षेत्रमा बसोवास गरेका खश खुलाल कुँवर समुदायको सामाजिक एवं सांस्कृतिक अध्ययनसंग सम्बन्धित रहेको छ । यस क्षेत्रका टोलहरुमा काटै, गैरागाउँ, मोटेना र जमाल गाउँमा बसोवास गर्ने २४७ घरधुरी मध्य खश खुलाल कुँवरहरुका ८५ घरधुरीलाई साधारण नमूना छनोट विधि अन्तर्गत नमुना छनोट विधिबाट नमूना संकलन गरिएको छ ।

### १.८.अनुसन्धानको अध्याय विभाजन

अनुसन्धानले पूर्णता तव मात्र पाउँछ जव पाईएका तथ्यहरुलाई क्रमवद्धरुपले विश्लेषण गरि प्रतिवेदन तयार पारिन्छ । अनुसन्धानबाट प्राप्त तथ्यहरुलाई व्यवस्थितरुपले विभिन्न अध्यायहरुमा विभाजन नगर्ने हो भने अनुसन्धानको कुनै महत्व रहदैन । प्रस्तावित शोधपत्रमा खस खुलाल कुँवर समुदाय सम्बन्धी अध्ययन गर्ने क्रममा अध्ययन सुविधाको लागि निम्न बमोजिमको ढाँचामा अध्याय विभाजन गरिएको छ ।

१. पहिलो अध्याय : शोध परिचय ।

२. दोस्रो अध्यायः अछाम चण्डीकास्थित खस खुलाल कुँवर समुदायको संक्षिप्त परिचय ।

३. तेस्रो अध्यायः खस खुलाल कुँवर समुदायको भौतिक संस्कृति

४. चौथो अध्याय : खस खुलाल कुँवर समुदायको अभौतिक सांस्कृतिक परम्परा ।

५. पाँचौ अध्याय : उपसंहार तथा निश्कर्ष

# अध्याय : दुई

# अछाम चण्डीकास्थित खस खुलाल कुँवर समुदायको संक्षिप्त परिचय

## २.१ पृष्ठभूमि :

नेपालको इतिहासमा खस समुदाय र खसान क्षेत्र अर्थात सुदूरपश्चिम प्रदेशको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । वर्तमान सुदूरपश्चिम प्रदेशको प्राचीनकालीन इतिहास बारे प्रमाणित गर्ने कुनै पुरातात्विक प्रमाणहरु हालसम्म पनि प्राप्त भएका छैनन् तर पौराणिक र धार्मिक साहित्यहरुमा यस क्षेत्रको व्यापक चर्चा परेको आधारबाट यस क्षेत्रको प्राचीनतालाई प्रमाणित गर्न सकिन्छ । । पश्चिम नेपालको इतिहासको अध्ययनको लागि मल्लकालीन श्रोतहरु प्रशस्त मात्रामा प्राप्त भएका छन् । ताम्रपत्र, शिलालेख र बंशावली लगायतका पुरातात्विक प्रमाणका कसी हुन । यद्यपि यस क्षेत्रमा विस्तृत रुपमा पुरातात्विक अन्वेषण र उत्खनन् भने हुन सकेको छैन । यो क्षेत्रको सर्वप्रथम अध्ययन गर्ने योगी नरहरी नाथले ताम्रपत्र अभिलेखको आधारबाट यस क्षेत्रलाई खसान क्षेत्र भनेकोले यस क्षेत्रलाई खस प्रशासित क्षेत्र वा खस सभ्यता भनेर जानिन्छ (अधिकारी, वि.सं. २०५३, पृ १ ) जयस्थिती मल्लको समयमा तयार गरिएको गोपालराज वंशावलीमा खस प्रदेश अर्थात खस राज्यको रुपमा व्याख्या गरिएको ज्ञानमणि नेपालले परिचर्चा गरेका छन् (नेपाल, वि.सं. २०६२, पृ. १६९-१७२ ) । पश्चिम नेपालमा खसहरुको प्रवेश कहिले भयो भन्ने विषयमा पुरातात्विक प्रमाणहरुको अभाव छ तथापि भविष्यमा हुने पुरातात्विक अन्वेषण र उत्खनन्ले यस प्रश्न माथि प्रकाश पार्ने छ । तर पौराणिक साहित्यका विभिन्न सन्दर्भहरुले खसहरुको इतिहास र सांस्कृतिक गतिविधि माथि प्रकाश पारेको छ । महाभारत लगायत हिन्दू पौराणिक ग्रन्थहरुको साझा विश्लेषणमा पर्वत र हिमालयको काखमा बस्ने जातिलाई खस जातिको रुपमा परिभाषित गरेको पाईन्छ (पोखरेल, वि.सं. २०५५, पृ. २) ।

ककेसस पहाडबाट पूर्व लागेका खसहरु हिमाली भञ्ज्याङ्ग र खोंचहरु पारगर्दै भारतीय उपमहाद्धिपमा प्रवेश गरेको मानिन्छ । प्राचीन पौराणिकशास्त्र र प्राचीन भूगोलको अध्ययनबाट खसहरुको भारत प्रबेशको परिस्थिती जान्न सकिन्छ । प्रसिद्ध विद्वान टोलेमीले पनि पशिचमतिर भारतको हिमालय क्षेत्रलाई खसहरुको वस्ती मानेका छन् ( अधिकारी, वि. सं.२०५३, पृ. ३ ) । अर्का विद्धान राहुल सांकृतायनले कत्युरीहरुको शासनकालमा कुमाउ

क्षेत्रमा खसहरुको वाहुल्यतालाई स्वीकार गर्दै केदार खसमण्डले अर्थात गढवाल क्षेत्रलाई खसमण्डल भनिन्थ्यो भनि उल्लेख गरेका छन् (सांकृतायन, ई.सं.१९५३, पृ.७६–८५) । यस क्षेत्रको भूगोल र नदिनालाहरुको नामाकरणमा खस भाषाको प्रभाव परेको देखिन्छ । विशेषगरी कासगिरी (खसगिरी), हिन्दूकुश काश्मीर (खसमिहिर) खसदेश, खशमण्डल, खसरला, खासी, खसान आदि पहाड पर्वत र स्थानका नामहरु खस भाषिकै नामबाट रहन गएका छन् (अधिकारी, वि. सं. २०५३, पृ.३) भाषागत आधारबाट यस विषयमाथि अझ प्रकाश पार्न सकिन्छ ।

नेपालमा खसहरुको आगमनको इतिहास सम्बन्धी अनेक मतमतान्तरहरु छन् । काठमाण्डौ उपत्यकामा प्राप्त प्रारम्भिक कालीन प्रस्तर मूर्तिहरुमा मथुरा कुषाणकलाशैलीको विशेषताको प्रभाव परेको आधारबाट कुषाणहरुसंगै खसहरु उपत्यकामा प्रवेश गरेको अनुमान गर्न सकिन्छ । प्रारम्भिक कलामा मथुरा कुषाण शैलीको को प्रभावलाई जोडदिदै उपत्यकाका मानिसहरु र भारतीय गंगाको मैदानमा फैलिएर वसेका मानिसहरु बीच सांस्कृतिक सम्बन्ध रहेको तथ्यलाई लैनसिंह वाङदेलले स्वीकार गरेका छन् (वाङदेल, वि. सं. २०३९, पृ. १४) । राहुल सांकृतायनले काश्मीर, जालन्धर, कुमाउं, गढवाल र नेपाल हुँदै खसजाति पूर्व लागेको समय ईसापूर्व ७०० तिरको मान्दछन् र किराँतपछि खसको आगमन भएको मान्दछन् । मध्यएशियामा ईसापुर्व १२०० मै अस्तित्वमा आएका खसहरु नेपालमा किरातभन्दा अगाडि नै गो-पालकको रुपमा पसेर राज्य जमाउने महिषपाल र गोपालराज जातिको विषयमा गोपालराज वंशावलीमा बुझ्न पाईन्छ । महाभारतमा र प्राचीन पुराणहरुमा चर्चित खस प्रशाखा ईसापुर्व ३००० को आसपासमै यस क्षेत्रमा छरिएको अनुमान हुन्छ । ई.पु.२१०० तिर निलघाटीमा कुश साम्राज्य खडा भएको कुरा पनि प्राचीन इतिहासकारहरु मान्दछन् (कोईराला, वि. सं. २०५२, पृ. १४–१५) । मध्ये एशियाको इतिहासमा ईसापुर्व १२०० वर्षका उत्खनन्बाट प्राप्त पुरातात्विक सामग्रीमा शक प्रशाखाका सामग्रीहरु पाईन्छन् भन्ने कुरा सांकृतायनले स्वीकार गरेका छन् । कास्गर, खोटान, हिन्दुकुश, उत्तरी हिमालयका देश ( हिन्दूकुश ) हुँदै खसहरु वर्तमान नेपालको पश्चिमी भू-भागबाट नेपाल प्रवेश गरेको तथ्य विद्धानहरु स्वीकार गर्दछन् । यसबाट पनि मध्यएशियाका क्षेत्रमा शक कुषाण शाखाको बाहुल्यता हुँदा खसहरु पशिचमेसिया र हिमाल दक्षिणको विशाल भू-भागमा छ्यापछ्याप्ती फैलिसकेका थिए भन्न सकिन्छ ।

नेपालको मध्यकालीन इतिहासमा खस शासकहरुको विशेष भूमिका देखिन्छ । काठमाण्डौमा नेवार मल्ल राज्य, सिम्रौनगढमा नान्यदेवले स्थापना गरेको राज्य र पश्चिम नेपालको खस राज्य यी तीन वंश, राज्यको एकीकरण भएपछि वर्तमान नेपालको ठोस आकार लिएको थियो । वि. सं १८७३ को सुगौली सन्धि र जंगबहादुरको पालामा नेपालमा गाभिएको नयाँ मुलुकसंगै वर्तमान नेपालले ठोस आकार ग्रहण गरेको देखिन्छ । पृथक भूमिमा यी कारक तत्व मध्ये पश्चिम नेपालको खस सभ्यताले नेपालको सिलन्यासमा विशेष भूमिका खेलेको देखिन्छ । खस देशका प्रथम शासक नागराजबारे स्थापित सिंजा सभ्यता वा खस सभ्यता (अधिकारी, वि. सं. २०५३, पृ. ११–१२) ले विशेष गरी उत्तरी हिमाली क्षेत्रलाई समेटेको देखिन्छ । दक्षिणमा खस राज्य सिवालिक अथवा चुरे पर्वतमाला देखि दक्षिणको तराईसम्म विस्तृत थियो । खस राज्यको फैलावट सम्बन्धमा रीपु मल्लका दुईवटा अभिलेखले प्रकाशित पारेका छन् । जुन नेपालको बाहिरी तराईका लुम्बिनी र कपिलबस्तुमा प्राप्त भएका अभिलेखहरुको आधारबाट यस विषयमा बोल्न सकिन्छ । यस प्रकार खस सभ्यताको उत्कर्षका दिनहरुमा खस राज्यका सन्दर्भमा पश्चिम गढवाल, दक्षिणमा काशी (बनारस) उत्तरमा तिव्बत पूर्वमा त्रिशुली नदीको वहाव क्षेत्र पर्दथ्यो । अर्को शव्दमा खस सभ्यता ७८ डिग्रि पूर्वदेखि ८५ डिग्रि ३०" पूर्वसम्म २७ डिग्रि ४५" उत्तरदेखी ३१ डिग्रि उत्तर सम्म फैलिएको देखिन्छ (अधिकारी, वि. सं. २०५३, पृ. १४) । खस सभ्यताको उत्पति सम्बन्धी तिथीमितिमा विवाद भएतापनि खस राज्यको बिघट्नको समयका सन्दर्भमा भने सबै विद्धानहरु सहमत छन् । आन्तरिक र बाह्य राजनैतिक उथलपुथलको कारण खस साम्राज्य पतन हुन पुगेको देखिन्छ (महर्जन, ई.सं .२०१६, पृ. १०९-१२०) । चौधौं शताव्दीको आखिरीमा पृथ्वी मल्लको शासनकालमा खस राज्यको बिघट्न पछि यो अनेकौं टुक्रामा विभाजित भयो जसलाई पछि बाईसे राज्य भनेर जानिन्छ । अनेकौं टुक्रामा विभाजित राज्यहरु मध्य अछाम पनि एउटा महत्वपूर्ण राज्य थियो । विभाजित राज्यहरुमध्ये अछाम साँफेबगर- ८,चण्डीकास्थित खस खुलाल कुँवरहरुको विषयमा यो शोधपत्र केन्द्रित भएको हुँदा यसपछिका उपखण्डहरुमा अछाम राज्य र कुँवरहरुको ऐतिहासिक एवम् सांस्कृतिक गतिविधिमा विशेष परिचर्चा गरिने छ ।

## २.२ अछाम जिल्लाको संक्षिप्त परिचय :

नेपालका सात प्रदेश मध्य सुदूर पश्चिम प्रदेशमा रहेको सेती अंचलका पाँच जिल्लाहरुमध्य अछाम मध्यपहाडी जिल्लामा पर्दछ । यस जिल्लाको पूर्वमा दैलेख, दक्षिणपूर्वमा सुर्खेत, उत्तरमा बझाङ, बाजुरा र पश्चिममा डोटी सम्म यस जिल्लाको भुगोल अवस्थित रहेको छ । छिमेकी जिल्लाको तुलनामा यस जिल्लाको क्षेत्रफल र जनसंख्या धेरै ठुलो रहेको छ ।

अछाम जिल्ला मुलतः मध्यपहाडी जिल्ला भएकोले भिरालो पाखा, पखेरा बढी नै छन् । यस जिल्लाको पूर्वमा कर्णाली नदि, मध्येभागमा बुढी गंगा र कैलास खोला र अन्य थुप्रै खोलानालाका किनारामा रहेका फाँटमा प्रशस्त उव्जनी हुन्छ ।

अछाम जिल्ला मध्यपहाडी भू-भागमा अवस्थित भएकोले नदि किनारामा टार, वेशी, पहाडी र उच्च पहाडी क्षेत्रसम्म विस्तार भएको हुँदा स्थान हेरी फरकफरक प्रकारको हावापानी पाईन्छ । जिल्लाको मध्य भागबाट कैलास खोला पूर्वतिरबाट पश्चिम-दक्षिण तिर बग्ने हुनाले अछामलाई तल्लो र उपल्लो गरि दुई भागमा बाँडेको छ । यस्तै बुढी गंगा नदिले पनि पूर्वि र पश्चिमी अछामलाई पृथक गराएको छ ( शाह, वि. सं. २०७४, पृ. ३-१२) ।

भौगोलिक रुपबाट २८ डिग्री ४५ मिनेट उत्तरी आक्षांश देखी २९ डिग्रि ३३ मिनेटसम्म उत्तरी आक्षांश र ८१ डिग्रि ०२ मिनेट पुर्वी देशान्तर भित्र करिब १६३२ बर्ग कि.मि.मा फैलिएको छ । समुन्द्र सतहवाट ५४० मिटर देखि ३८२० मिटर उच्च भाग रहेको छ । यस जिल्लालाई निम्न भागमा खण्डिकरण गरि अध्ययन गर्दा सहज हुन्छ ( ऐजन) ।

### (क) लेकाली खण्ड :

करिब ३००० मिटर माथिको भू-भाग जसमा रामारोशन क्षेत्र खप्तड जस्ता रमणीय क्षेत्र यस अन्तर्गत पर्दछन् ।

### (ख) पहाडी खण्ड :

८०० मिटर भन्दा माथि ३००० मिटर सम्मको पहाडी भिरालो भू-भाग यस अर्न्तगत पर्दछ । जसमा चण्डीका, रिडिकोट, दर्ना, नन्देगडा, पायल, घोडासैन, श्रीकोट, सिद्धेश्वर, तडिगैरा, मेललेख, जयगढ, मंगलसैन, बयाला, चौरपाटी र चौखुट्टे लगायतका क्षेत्रहरुमा न त धेरै गर्मी न हुन्छ न त धेरै जाडो नै हुन्छ ।

### (ग) बगर, सैन, टार र उपत्यका खण्ड :

४५० मिटर भन्दामाथि ८०० मिटर सम्मको भू-भाग यस अन्तर्गत पर्दछ । यी क्षेत्रहरु मुलतः नदी र खोला किनाराका भू-भागहरु हुन् । यि भू-भागमा साँफेबगर, बेल्खेत, टोट्केसाल, ककडसांत, ठाँटी, चाइरवा, छाइतडा, चित्र्या, जिमराणी, बैद्यनाथ, हिच्माफाँट, चाइरवा, आदि क्षेत्रहरु पर्दछन् ।

समुद्र सतहदेखी ५४० मिटरमा रहेको २२ बर्ग कि.मि.समथर भू-भाग भएको साँप्या उपत्यका देखि १३२६ मिटर उचाईमा रहेको सदरमुकाम मंगलसैन सरदर तापक्रम हिउँदमा ५ डिग्रि से. रहन्छ भने उपत्यका खोंच र वेशीको हकमा २० डिग्रि से. सम्म तापक्रम रहन्छ । ग्रिष्मकालीन समयमा पहाडमा २० डिग्रि से., खोंच, टार वेशी र उपत्यकामा ३३ डिग्रि से. सम्म तापक्रम रहन्छ । जिल्लाको उच्चपहाडी भू-भागमा भने हिउँदयाममा हिमपात हुन्छ । औसत वर्षा भने १८९१ मि. रहन्छ । यहाँको हावापानीको विश्लेषण गर्दा चार प्रकारको हावापानी पाईन्छ :

१. उष्ण मौसमी २. न्यानो समसितोष्ण ३. ठण्डा शितोष्ण

४. लेकाली हावापानीमा वर्गिकरण गर्न सकिन्छ (शाह, ऐजन ) ।

अछाम जिल्लालाई प्रशासनिक सहजताका लागि चार नगरपालिका छवटा गाउँपालिका र दुई संघीय निर्वाचन क्षेत्र र चार प्रादेशिक निर्वाचन क्षेत्रमा बिभाजन गरिएको छ । बि.सं. २०६८ सालको जनगणनामा अनुसार अछाम जिल्लाको कुल जनसंख्या २५७,४७७ रहेको छ जसमा महिला १३७४६९ (५३ प्रतिशत) र पुरुष १२०००८ (४७ प्रतिशत) रहेको छ । अछामको जनसंख्याको अवस्थिती प्रति वर्ग कि.मि. जनघनत्व १५२ रहेको छ । प्रति घर परिवार संख्या ५.३ र जम्मा घरधुरी संख्या ४८३५१ छ, यहाँका

मानिसको सरदर उमेर ५८ वर्ष साक्षरता ५३.१८ प्रतिशत (३७.१८ महिला ७२.८२ प्रतिशत पुरुष) रहेको छ ( जिल्ला प्रोफाइल, अछाम) ।

### २.२.१ महत्वपूर्ण धार्मिक एवं पर्यटकीय स्थलहरु :

अछाम मध्य पहाडी जिल्ला भएकोले यहाँ महत्वपूर्ण धार्मिक र प्राकृतिक सौन्दर्यताले भरिपूर्ण ठाउँहरुको बाहुल्यता रहेको छ । यहाँका नदीहरुका संगम, किनार भञ्ज्याङ, शिखर र थुम्कामा अनेकन देवदेवी र मस्टा देवताको बासस्थल रहेको र तिनको प्रभाव सम्बन्धमा स्कन्द पुराण अर्न्तगत मानसखण्डमा वर्णन भएको छ । तिनै देवदेवी र मस्टा देवताका भन्थान, माणु नै खस सभ्यता र संस्कृतिका धरोहर र चिनारीको रुपमा रहेका छन् । ति मध्य प्रमुख धार्मिक र पर्यटकीय स्थलहरुलाई मात्र यस अध्ययनमा समेट्ने प्रयास गरिएको छ ।

#### (क) वैद्यनाथ क्षेत्र :

अछाम जिल्लाको प्रख्यात ठाउँ बुढी गंगाको पश्चिमी तटमा कालीमाटी गढी देखी पूर्वतर्फको तल्लो टारमा वैद्यनाथ क्षेत्र रहेको छ । वि.सं १४०० को राजा अभय मल्लको ताम्रपत्रमा वैद्यनाथलाई -

संसार व्याधिविध्वंस वरीयान्यत्रविश्रुतः ।

श्री वैद्यनाथगिरिराजस्मिन् श्रीवरे सेंजासत्पुरे ॥

यस ताम्रपत्रबाट वैद्यनाथ क्षेत्रको गरिमा स्वतः प्रकाशित हुन्छ (सुवेदी, वि. सं २०५८, पृ. ३७) ।

#### (ख) जिमराणी क्षेत्र :

कैलास खोला र बुढीगंगाको संगमस्थलमा रहेको खस ब्राम्हण क्षेत्रीका कुलदेवता दाह्रेमस्टा र दुधे मस्टाको प्रसिद्ध धाम रहेको छ । यहाँ माघे सक्रान्ति, जेष्ठ पूर्णिमा र नयाँ वर्षमा लाग्ने मेलामा मानिसहरु टाढाटाढाबाट तीर्थयात्रा गर्न आउँछन् ।

### (ग) खप्तड क्षेत्र :

प्राकृतिक रुपले सम्पन्न क्षेत्रमा खप्तडक्षेत्र मुख्य रहेको छ । यहाँ भएका घांसे मैदान, खप्तड स्वामीको आश्रम, सहस्रलिंग, त्रिवेणी धाम, यो क्षेत्र चार जिल्लाको मध्यमा अवस्थित छ । खप्तड, राष्ट्रिय निकुन्ज पनि भएकोले यहाँ कैयन प्रकारका जडिबुटि तथा चराचुरुङ्गीको वासस्थान पनि हो ।

### (घ) रामारोशन क्षेत्र :

सरकारद्धारा संरक्षित क्षेत्रको ठाउँमा रहेको यस क्षेत्रमा बाह्रबण्ड ( बाह्र वटा ताल) (अठार खण्ड) र अठार वटा समथर भू-भाग छन् । जुन भू-भाग १ वर्ग कि.मि. भन्दा पनि ठूला रहेको र सबैभन्दा ठूलो ताल १३५० मिटर लम्बाई २०० मिटर चौडाई जसको नाम जंघाले ताल हो । यस्तै बाटुले ताल, रशुनगडा जस्ता थुप्रै प्राकृतिक रुपमा पर्यटकलाई आर्कषित गर्ने क्षेत्रहरु रहेका छन् ।

यस्तै वान्नीगढी, देवी थुम, कमलबजार, ऋषिदह, प्रभाको माडी, श्रीकोट क्षेत्र, विनायक, बंगलदेउ, रिमाकोट, दर्नाकोटका पंचदेवल, षोडशादेवी मन्दिर, मंगलसैन, जयगढ, जनालीकोट, सुगालीका देवल, देवीस्थानको धवलछडो, बलाँताको बण्डाली देवता, कालभैरब साँप्या, मस्टाबण्डाली तडिगैरा जस्ता दर्जनौ धार्मिक तथा पर्यटकीय स्थलका रुपमा रहेका छन् ।

## २.२.२ साँफेबगर नगरपालीका र चण्डीका गाउँको परिचय :

कुनै पनि स्थानको नामाकरणमा केहि न केहि भनाई वा किम्वदन्ती रहेको पाईन्छ । साँफे बगर नामाकरणका सम्बन्धमा विभिन्न किसिमका भनाईहरु पाईन्छन । स्थानीय बुद्धिजीवी, राजनैतिक व्यक्तित्व तथा बुढापाकाहरुको भनाईलाई समेत आधार मान्दा मुख्य गरी दुई किसिमका प्राचीनकालीन मतहरु रहेका छन् ।

वृद्धगंगा (बुढी गंगा) गोदावरी पर्वाली गाड र अपर्णा (छिपे खोला) को संगमस्थल वरिपरि अर्थात त्रिवेणी क्षेत्रमा ठूलो जंगल थियो । यसैको दक्षिणमा रहेको छेडे सिमल नजिक पौराणिक सूर्यकुण्ड (हाल भू बनौटबाट दहको आकार मात्र देखिन्छ) रहेको थियो । त्यसैको उत्तरी कुनामा सूर्य मन्दिर थियो, जसको जग अझै देख्न सकिन्छ । सो क्षेत्रमा अत्याधिक

मात्रामा साँप ( सर्प ) पाईने भएकोले साँपबाट साँफे नामाकरण रहन गएको विचार विद्धान सुरतबहादुर शाहको छ ।

यस्तै साँफेको वास्तविक जनजिब्रोमा रहेको वोलीचालीमा प्रयोग हुने नाम चाहि साँप्या बगड हो । जुन हालसम्म पनि त्यहाँको स्थानीय भाषामा प्रयोग हुन्छ । बगड भन्नाले नदीको किनारको उजाड भू-भाग भन्ने जनाउँछ भने साँप्नुको अर्थ खस भाषामा नाप्नु हुन्छ । १९८४–८६ साल तिर सो वृद्ध गंगाको उव्जनी नहुने बंजर भू-भाग नापेर रैकरमा परिणत गरिएको हुँदा साँप्नु (नाप) बगर (बगड) हुँदै विशेष अर्थ सहित साँप्या बगड रहन गयो भन्ने भनाई स्व. सरस्वती देवी कुँवरको रहेको थियो । यस नगरपालीकाको नामाकरण सन्दर्भमा यिनै दुई प्रमुख भनाई रहेको पाईन्छ । यस मध्य यसै अनुच्छेदको भनाई सान्दर्भिक देखिन्छ । जुन जनवोलीबाट पनि प्रस्ट हुन्छ । नेपाल सरकारको मिति २०७१/०१/२५ गतेको निर्णयबाट साँफेबगर नगरपालीका ( हाल अपभ्रंश स्वरुप र अर्थरहित ) घोषणा गरिएको छ ।

जम्मा चौधवटा वडा रहेको न.पा.मा साविकका गा.वि.स.हरु वडामा रुपान्तरण भएका छन् । वैद्यनाथ, सिद्धेश्वर, मस्टामाण्डौ, नवाँठाना, रिडिकोट, चण्डीका, बुढाकोट, देवीस्थान, खप्तड, बावला, पातलकोट, जाल्पादेवी, घुँघुरकोट र भाग्येश्वर हुन् ।

यस न.पा. मध्य प्रस्तुत शोध केन्द्रित रहेको चण्डीका क्षेत्र वार्ड नं.-८, रहेको छ । यस वडामा विभिन्न धर्म, समुदाय रहेता पनि खस खुलाल कुँवरको बाहुल्यता भएको र ति खस खुलाल कुँवरहरुको ईष्ट कुलदेवीको नाममा यो वडा नं.-८, को नाम पनि चण्डीका रहन गएको देखिन्छ ।

यस वडाको नाम पहिले बयालपाटा थियो । पछि जगन्नाथ कुँवर प्रधानपंच भएपछि सो नाम परिवर्तन गरि कुलदेवीको नाममा चण्डीका नाम राखिएको भनाई छ (रामबहादुर कुँवरसंगको मिति २०७६ साल ज्येष्ठ २९ गते अन्तर्वार्ताबाट प्राप्त जानकारी) ।

### २.२.३ भौगोलिक अवस्थिती :

साँफे बगर नगरपालीका समुद्री सतहबाट करिब ५४० मिटरदेखी ३१३४ मिटरको उचाईमा अवस्थित रहेको छ । यहाँ खप्तड क्षेत्र, वैद्यनाथ धाम, साँफे उपत्यका (जुन २२

बर्ग कि.मि.) बीचमा बुढीगंगा नदिले भौगोलिक विभाजन गरेको छ । यस न.पा. अन्तर्गत चण्डीका ८० डिग्रि ४९ मिनेट देशान्तर २९ डिग्रि १५ मिनेट आक्षांश पश्चिममा बुढीगंगा दक्षिणपुर्वमा कैलास खोला उत्तरमा साँफे बगर न.पा. भाग्येश्वर वडा नं.७, उत्तर पश्चिममा रिडिकोट , उत्तरपूर्वमा जनालीकोट रहेको छ । यो वार्ड नं.- ८, चण्डीका हाल निर्वाचन नं. १ मा रहेको छ । त्यसैगरी प्रदेश तर्फ पनि निर्वाचन क्षेत्र नं. १ मा नै रहेको छ । यस वार्डमा गर्मिमा २४ डिग्री देखी ३६ डिग्रि र जाडोमा ५ डिग्री देखी १० डिग्रि सम्म औसत तापक्रम रहन्छ ।

**वडा नं.८ का टोल तथा बस्तीहरु :**

**काटै, चाउडे, वनघर, गैरागाउँ, बयालपाटा, टमट्टी गाउँ, चुड्याली गाउँ , मोटेना, भूलवाडा, जमालगाउँ, आदि प्रमुख रहेका छन् :**

| सि.नं. | नाम | टोलहरु |
|---|---|---|
| १. | काटै | कुँवरवाडा, भूलवाडा, दमाईबाडा |
| २. | गैरागाउँ | बड्रुख, वनघर, चुचासैन, सिउँकुल्या, छापऱ्याआम, दमाईवाडा, उवागाउँ, डाडाघर |
| ३. | चुड्याली गाउँ | टमट्टी गाउँ, चुड्याली गाउँ |
| ४. | चाउडे | कडायतवाडा |
| ५. | नवाँ गाउँ | टमट्टी गाउँ, कोलगडा, |
| ६. | तल्लो मोटेना | टमट्टी गाउँ, भूलवाडा, ल्वारवाडा, दमाईंवाडा |
| ७. | मल्लो मोटेना | मुख्यावाडा, स्वाँरवाडा, बोहरावाडा, रावल वाडा |
| ८. | जमाल गाउँ | कोल, पटकानी, उजगला, चुक्याआम |

वर्तमान नेपालको राजनैतिक संरचनामा सुदूरपश्चिम प्रदेश अर्थात कर्णाली प्रस्रवणक्षेत्रमा पर्ने अछाम जिल्लाको प्राचीनताको अध्ययन गर्न पौराणिक ऐतिहासिक सन्दर्भहरुलाई अन्वेषण गर्न आवश्यक छ ।

महाकाली, भेरी, कर्णाली र सेती अंचलका सभ्यताको विषयमा स्कन्दपुराणको मानसखण्डमा चर्चा गरिएको छ । यस ग्रन्थमा श्री वैद्यनाथ, खेचराद्री (खेचर पर्वत) , बडीमालिका, रामारोशन लगायतका क्षेत्रहरुको विवरण परेको तथ्य अध्ययताहरुले बताएका छन् (शाह, वि.सं.२०७४, पृ. २५) । अछामको प्राचीनताको छलफल गर्दा खप्तड क्षेत्रको चर्चा गर्नु उपयुक्त हुन्छ । खेचर शव्दबाट अपभ्रंश भएर खप्तड हुनगएको भन्ने भनाई छ ( खड्का, वि.सं. २०६९, पृ. ११) । ताम्रपाषाण संस्कृतिको अवशेष मानिने मानवकृति आकारको प्राचीन उपकरण कैलाली जिल्लाबाट प्राप्त भएको आधारबाट यस क्षेत्रको प्रागैतिहासिकतालाई प्रमाणित गर्न सकिन्छ ( ऐजन, पृ. १३ ) । यसकारणबाट हेर्दा खस सभ्यताको सिलन्यास हुनुपूर्व यस क्षेत्रमा पौराणिक र प्रागैतिहासिक सभ्यताको विकास भएको जानकारी हुन्छ । कर्णाली क्षेत्रको भारतसंग सम्बन्ध रहेको तथ्य पौराणिक तथा पुरातात्विक सन्दर्भहरुबाट जान्न सकिन्छ । सम्राट समुद्रगुप्तको प्रयागस्थित इलाहवाद अभिलेखमा कामरुप, नेपाल, कतृपुर शब्दको उल्लेख भएको तथ्यलाई विश्लेषण गर्दा त्यसबेला यो क्षेत्रमा राज्य र राजनितीक व्यवस्थाको थालनी भईसकेको तथ्य प्रमाणित हुन्छ । मध्यकालमा खस साम्राज्यको विघट्नसंगै यस सभ्यताको विकासमा ह्रास आएको देखिन्छ । १६ औं शताव्दीतिर आईपुग्दा वर्तमान सेती भू-भागका बझाङ्ग, बाजुरा, थलरा, डोटी , अछाम क्षेत्र आदि राज्यहरु बाइसे राज्यको अस्तित्वमा आईसकेको देखिन्छ ।

## २.३ अछामको नामाकरण :

कुनै पनि स्थानविशेषको नामाङ्करणमा तत्तत् स्थानको जाति-जनजाति र भाषाभाषिको विशेष भूमिका रहेको हुन्छ । ती जनजातिसंग जोडिएका मिथक लोकपरम्परा, लोकसाहित्य, लोक नाट्यकारिता, अनुश्रुति र किम्वदन्तीहरु नै स्थान नामका नामाकरणका आधार हुन । यसैलाई आधार मानी अछामको व्युत्पतिगत आधार खोज्ने प्रयास यस उपशिर्षकमा गरिएको छ ।

अछामको व्युत्पत्ति सम्बन्धी सन्दर्भहरु लिखित दस्तावेजहरुमा भन्दापनि अनुश्रुतीहरुमा बढी चर्चा परेको छ । स्थानीय लोकोक्ति अनुसार अछामको पुरानो राजधानी बूढीथर्पु (सेरा) नजिकै पास्तोलीमा रहेको पखानको छिद्राबाट तीनवटा मुलफुटी अलि तल आएर तीन छहरा बनेर एकार हुंदा पास्तोली गाड बनेको किम्वदन्ती छ । पखानभित्रबाट फुटेको मुल अति स्वच्छ हुनु स्वभाविक हो । यसै विशेषताले गर्दा यो धार्मिक स्थलमा परिणत भई यिनै मुलमा राजाहरु पनि पवित्र दिनमा स्नान गर्न थालेकोले यसको प्रसिद्ध बढ्दै गयो र तत्कालका विद्धानहरुले अच्छाम्भस अर्थात स्वच्छ पानी भएको ठाउँ भनि नामाकरण गरियो । कालान्तरमा अच्छाम्भस शव्दबाट अपभ्रंश भएर अछाम बनेको भन्ने भनाई छ ( शाह, वि.स.२०७४, पृ. २६) । यस भनाईलाई अझ प्रष्ट पार्न स्थानीय विद्धान पण्डितहरुमा प्रख्यात रहेको संस्कृत श्लोकलाई लिन सकिन्छ। श्लोक यस प्रकार छ :

*अच्छाम्भसि वैद्यनाथ कृपयापूर्व भूमिया ,*

*सोमवंशोद्भवाचक्रु स्वराज्यं धर्मपूर्वकम् ॥ .(ऐजन)*

यस आधारमा माथि उल्लेखित अच्छाम्भसि शब्द नै अपभ्रंस भएर अछाम शव्द बन्न गएकोमा बढी आधिकारिकता देखिन्छ । यस प्रसंगमा अरु स्थानीय किम्वदन्तीहरु कमजोर देखिएकाले ती सन्दर्भहरुको यहाँ चर्चा गरिएको छैन ।

माथि उल्लेखित श्रोतलाई अध्ययता राजाराम सुवेदीले अलि फरक सन्दर्भबाट चर्चा गरेका छन् । तर कथाको आधार भने एउटै छ । अच्छाम्भसि लाई स्थानीय शव्दमा अश्माम्बु भनिने र त्यहि अस्माम्बु शव्दबाट अपभ्रंश भर्य अस्माम्व–अच्छाम्भ- अछाम्म हुँदै अछाम नाम रहन गएको भन्ने भनाई पनि छ (सुवेदी २०५८:२८) ।

अछामको व्युत्पत्ति सम्वन्धी पौराणिक कथनलाई लौकिक आख्यानीकरण गरिएको कथा पनि चर्चित छ । खेचराद्री अर्थात हालको खप्तड क्षेत्रमा तपस्या गर्न आएका आश्वलायन ऋृषिका चेलाको नाम अक्षय थियो । उनै अक्षयले तपस्या गर्दा तपोस्थल अत्यन्त तेजोमय आकर्षक र सुनौलो भएकोले सो धरतीलाई अक्षमस्थल भनियो र यसै अक्षयस्थलबाट अछाम नाम रहन गएको भन्ने भनाई छ । अतः उल्लेखित साहित्यिक तथा पौराणिक आधार, स्थानीय अनुश्रुति र भाषिक पुरातत्वको आधारबाट परिक्षण गर्दा अछामको व्युत्पत्तिगत आधारमा तथ्य र तर्कहरुको समिकरण भएको देखिन्छ ।

## २.४ चण्डीका क्षेत्रको जातीय बसोवासको अवस्था :

अछाम जिल्लाका चार नगरपालीका, आठ गाउँपालीकाहरु मध्य साँफेबगर नगरपालीका पनि एक हो । खस खुलाल कुँवरहरुको बाहुल्यता रहेको चण्डीका क्षेत्र वर्तमान भने साँफेबगर नगरपालीकाको वडा नं. ८ मा पर्छ । ८०' ४९" देशान्तर र २९' १५" आक्षांश मा अवस्थित चण्डीका क्षेत्रमा खस खुलाल कुँवरहरुको साथसाथै रावल, परियार, बि.क., सुनार, स्वाँर, बोहरा, सार्कि, क्षेत्री, कामी, ताम्राकार, मियाँ र कडायत लगायतका जातजातिहरु भएता पनि काटै, गैरागाउँ, मोटेना र जमाल गाउँमा खस खुलाल कुँवरहरुको बाक्लो वस्तीहरु रहेका छन् । हिन्दू धर्मावलम्वीहरुको बाहुल्यता रहेको यस क्षेत्रमा अन्य धर्मावलम्बीहरु नगन्य मात्रामा रहेका छन् ।

## २.५ खस खुलाल कुँवरहरुको जातीय परिचय :

कुनै पनि जातजातिको अध्ययनको लागि पुरातात्विक श्रोतहरुको साथसाथै किम्वदन्ती, लोकसाहित्य र लोकनाट्यकारिता, लोकगित, गीतिनाटक, लोकआख्यान, पुराकथा र वंशावलीहरु नै प्राथमिक आधार हुन । अन्य लोकसाहित्यको तुलनामा वंशावली बढी आधिकारिक हुने भएकोले जातीय इतिहासको अध्ययनमा वंशावलीलाई बढी जोड दिएको पाईन्छ । यस प्रसंगमा प्रस्तुत शोधपत्रको अध्ययनमा पनि खस खुलाल कुँवरहरुको संक्षिप्त अध्ययनको लागि वंशावलीलाई विशेष जोड दिईएको छ । वंशावली बाहेकका अन्य अनुश्रुतीहरुलाई द्धितीय आधार बनाईएको छ ।

### २.५.१ खस खुलाल कुँवरको गोत्र

हिन्दू सामाजिक, सांस्कृतिक परम्परामा गोत्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ । हिन्दू धर्मशास्त्रले व्यवस्थापन गरेको सामाजिक व्यवस्थामा गोत्र परम्पराको प्रभावकारी भूमिका रहेको देखिन्छ । जातीय विरासत र इतिहासको प्राचीनतालाई महान देखाउन आफ्नो वंशलाई कुनै देवता वा ऋषिसंग तादात्म्यता देखाउँनु हिन्दूहरुको स्वभाविक विशेषता हो । हिन्दू शास्त्रकारहरुले पनि यस प्रवृतिलाई स्वभाविक रुपमा स्वीकार गरेका छन् । वर्तमान सन्दर्भमा कुनैपनि जातजातिको मानवशास्त्रीय इतिहासको अध्ययन गर्दा वंशावली र गोत्र परम्पराको अध्ययनलाई विशेष ध्यान दिएको देखिन्छ ।

अछाम साँफेबगर-८, चण्डीका स्थित खस खुलाल कुँवरहरुको वंश परम्परामा गोत्र सम्बन्धी विभिन्न विचारहरु प्रचलित रहेका छन् । खस खुलाल कुँवरहरुको गोत्र धनञ्जय हो । उनीहरु आफूलाई चन्द्रवंशी मान्दछन् । भारतमा धनञ्जय गोत्रीहरु रहेका छन् तर उनीहरु आफूलाई सूर्यवंशी मान्दछन् । विषय प्रसंगले यस अध्ययनमा चन्द्रवंशी खस खुलाल कुँवरहरुको गोत्र विषयमा संक्षिप्त परिचर्चा गरिदैंछ ।

धनञ्जय गोत्र सम्बन्धी श्रीमद्‌देवी भागवत महापुराणमा विशेष परिचर्चा परेको छ । यस पुराणको प्रथम स्कन्दमा युगहरुको चर्चा गर्नेक्रममा २८ वटा व्यासजीहरुको चर्चा गर्दा धनञ्जयलाई व्यासको वर्णनक्रममा १६ औं स्थानमा राखिएको छ (वशिष्ठ, वि.सं. २०६२, पृ. ३८) ।

विश्वमित्र गोत्रकाण्ड अन्तर्गत पढिने एवम् प्रवरऋषि धनञ्जय कौशिक हुन् । मत्स्य पुराण १४५।११३, १९८।१०, ब्रह्माण्ड पुराण २।३२।११८ र विष्णु पुराणमा यिनलाई कौशिक एवम् गोत्रकारका रुपमा स्पष्ट निर्देश गरेको पाईन्छ (रुपाखेती, वि. सं . २०६८, पृ. १२०)। यस प्रसंगलाई निम्न श्लोकले पनि प्रमाणित गरेको छ ।

**ततश्चान्ये मधुच्छन्दोधनञ्जयकृतदेवाष्टककच्छपहारीतकाख्याविश्वामित्रपुत्रा बभूवः ।**

**तेषां च बहूनी कौशिक गोत्राणी ऋष्यन्तुरेषुविवाह्यान्यभवन् (ऐजन) ।**

भारतीय धनञ्जय गोत्रीहरुले आफूलाई सूर्यवंशी बनाएको सन्दर्भहरु पाईन्छ । तर खस खुलाल कुँवरका वंशावलीकारहरुले आफूलाई चन्द्रवंशी वताएका छन् । खस महाजातिको जालन्धारी शाखाभित्र खुलाल, पँवार, देउवा आदि पर्दछन् । बालकृष्ण पोखरेलले योगी नरहरी नाथलाई उत्धृत गर्दै खुलाल कुँवरहरुलाई चन्द्रवंशी नै हुन भनेका छन् ( पोखरेल, वि.स. २०५५, पृ. ५१६ )

धनञ्जय गोत्र भित्र पर्ने थरहरु यस प्रकार छन् ।

खुलाल, कुँवर, खुलाल बस्नेत, खुलाल बुढाथोकी, खुलाल क्षेत्री, हुमागाईं, रिजाल, पंगेनी, बस्याल, कुकुरकोट, गुरागाईं, थापा, भूषाल, गैह्रीपिप्ली, धमला, खुलाल कार्की, खुलाल खड्का आदि

यी थरहरु सगोत्री हुँदा एकआपसमा सगोत्री विवाह हुँदैन । यि थरहरुबीच भौगोलिक भिन्नता अनुसार संस्कृति र सामाजिक प्रचलनमा भिन्नता देखिन्छ । यी सबै सन्दर्भहरुको आधारबाट खस खुलाल कुँवरहरुको आदिपुरुष देवीभागवत महापुराणमा वर्णित १६ औं व्यास धनञ्जय हुन भन्न सक्ने प्रमाण छ भन्न सकिन्छ ।

खस खुलाल कुँवरहरु धनञ्जय गोत्री हुन भने राणाहरु वत्स गोत्री हुन् । यी दुई समुदाय बीच गोत्रगत भिन्नता भएको देखिन्छ । यसभन्दा अगाडि यी दुई समुदायबीच वैवाहिक सम्बन्ध कायम नभएता पनि यसपछि भने गोत्रगत भिन्नताको कारण विवाह सम्बन्ध कायम गर्न सकिन्छ । खस खुलाल कुँवर र राणाबीच अन्य कुनै सांस्कृतिक सम्बन्ध देखिंदैन । यस क्षेत्रमा राणाहरुको वसोवास पनि देखिंदैन । यसकारण भौगोलिक सम्बन्ध र सामाजिक सम्बन्ध नभएको कारण राणा तथा कुँवरहरु बीच कुनैपनि सामाजिक सांस्कृतिक सम्बन्ध देखिंदैन ।

खस समुदायमा कतिपय थरहरु सरकारी पद अनुसार रहन गएका छन् । अधिकारी, कार्की, भण्डारी, लेखक, महतारा, रोकाया, थापा, आदि सरकारी दर्जाबाट उत्पति भएका थरहरु हुन् ( अधिकारी, वि. सं २०५३, पृ १३१ ) । काजी थर पनि सरकारी पद नै हो । तर यो थर सुरुमा गोरखा राजाहरु र ऐकिकरण पछि शाह शासनकालमा सृजित पद हो । यसकारण खस खुलाल कुँवर र काजी थर बीच सम्बन्ध देखिंदैन ।

### २.५.२ खस खुलाल कुँवर शव्दको व्युत्पतिगत आधार :

कुँवर शव्दको शाव्दिक अर्थ राजकुमार हो । भारत वर्षमा यसको प्रयोग पहिले देखि नै गरिएको र प्रचलनमा रहेको प्रमाणहरु छन् । इतिहासकार बद्रीदत्त पाण्डेका अनुसार राजाका दायाँतिर बस्ने भारदारलाई कुँवर वा रौतेला भनिन्छ । इतिहासकार सूर्यमणी अधिकारीको **द खस किङ्गडम्** भन्ने पुस्तकमा **कुँवरभार** भन्ने शव्द सिंजाली राजा पृथ्वी मल्लको शकसम्बत् १२७८ को कनकपत्रमा उल्लेख छ ( कुँवर, वि.सं. २०५६ पृ. ५) । त्यसपछि वि.सं. १४१४ मा जनालीकोटका बम नाम गरेका कुँवरले पुरोहितलाई कालागाँउको जग्गा दान दिंदाको ताम्रपत्रमा कुँवर शव्दको उल्लेख छ । वि.सं.१४२८ मा महाराज सूर्यमल्लले श्रीकोट गोएलपानीको जग्गा दान दिंदा च्यापजुन कुँवर (चुर्मा कुँवर)

लाई दृष्टि साक्षी राखेको आधारबाट यस तथ्यको प्रमाणित हुन्छ ( ध्वजबहादुर कुँवरसंगको अन्तर्वार्ता मिति २०७६। ०२। १५ ) ।

खस खुलाल (जाति) समुदाय भित्रका अनेकौं जातीय सम्प्रदायहरुको छलफल गर्ने क्रममा भाषाशास्त्री बालकृष्ण पोखरेलको खस खुलाल कुँवरहरुको पनि विशेष परिचर्चा गरेका छन् । खस जातीको जालन्धरी शाखाभित्र पर्ने राजवंशीहरु हुन् खुलाल, पँवार, देउवा आदि । डोटीमा रैकाज्यूको आधिपत्य हुनुपूर्व खुलालको राज्य थियो । ती जालन्धरका स्थानीय प्रतिनिधीका हैसीयतले तैनाथ थिए । तर जालन्धरीको पतन पछि यिनीहरु स्वतः अधिकार विहिन भए । यिनमध्य खुलालले आफूलाई चन्देल पनि भनेका छन् । अछामका बिष्टहरुले आफुलाई वंशावलीमा राजा पँवारका सन्ततीको भावार्थमा पँवारवंशी बताएका छन् (पोखरेल, वि. स.,२०५५, पृ. ५१६ ) । यस कुराको उल्लेख खस खुलाल कुँवर वंशावलीमा परेको छ ।

माथिका प्रसंगमा कुँवरहरुको परिचर्चा गर्न खुलालहरुलाई खससंग जोडियो । यस सन्दर्भमा खस खुलालको संक्षिप्त परिचर्चा गर्न आवश्यक देखिन्छ ।

भारतको उत्तराखण्डमा पर्ने रंवाईको रामासिराई उपत्यकामा जैसिंह नामक चन्देल ठाकुर वंशको शासन १७ औं १८ औं शताब्दी सम्म पनि शासन व्यवस्था रहेको थियो ( विजल्वाण, इश्वी संवत २००७, पृ. ३०० ) ।

खस सभ्यताको उत्कर्षमा अछामको नामकरण भईसकेको थिएन वि.सं. १३७३ सम्म यो नौ खुवामा (प्रशासनिक क्षेत्र) विभाजित थियो । डा. राजाराम सुवेदीको **कर्णाली प्रदेशको मध्यकालीन इतिहास** अनुसार सिंजाली राजकुमार अक्षय मल्लको नामबाट अछाम हुन गएको एउटा आधार यस प्रसंगमा उचित लाग्छ । सिंजाको अधिपत्य भित्र पर्ने नौखुवाका नामहरु क्रमशः तीखापातल, कोटवाडा, वाईकोट, सुनघर, भुलुकोट, सुराइकोट, बान्नीकोट, छातासैन र कुईका थिए । पर्राकोट अस्तित्वमा रहेपनि जनालीकोटलाई केन्द्र मानी ३६ प्रकारका सिर्तो (कर ) उठाई सिंजामा बुझाउँनु पर्ने जिम्मा पाएका जनालीकोटका राजालाई “खुलाल” नौ खुवाका मालिक “खुलाल” हुन गएको भन्ने ऐतिहासिक प्रसंग छ (कुँवर, वि. सं २०५६, पृ. ७) । वंशावलीको कथनमा खुलालहरुको मुलथलो जनालीकोट हो भनिएको छ । यिनै जैसिंह देवले जुम्ली माहाराजलाई रिझाई नौखुवालाई आफ्नो नियन्त्रणमा लिएर जनालीकोटमा किल्ला स्थापना गरेका थिए । डाडुदेवले पछि नौखुवा माथि आफ्नो आधिपत्य

कायम गरेका थिए । इतिहासकार सूर्यमणी अधिकारी अनुसार वि.सं. १४१३ को पृथ्वी मल्लको कनकपत्रमा कुँवरभार भन्ने शव्दको उल्लेख भएको छ । महाकाली पश्चिम कुमाउ गढवाल विषयमा विशेष अनुभव प्राप्त गरेका डाडुदेवले भारदारको रुपमा सिंजा महाराजालाई सघाएकोले यिनै डाडुदेवलाई सिंजा महाराजले कुँवरको उपाधि दिएपछि खस खुलाल "कुँवर" थरको व्युत्पती भएको कथन छ (कुँवर, वि.सं.२०५६, पृ.८ ) ।

### २.५.३ वंशावलीको संक्षिप्त परिचय :

इतिहास लेखनमा वंशावलीको महत्वपूर्ण भूमिका रहन्छ । यस प्रसंगमा खस खुलाल कुँवरहरुको स्थितीबारे संक्षिप्त परिचर्चा गरिदै छ । वंशावलीमा ईन्द्रको दायाँ शिरबाट मस्टो उत्पन्न भएको आदिकथा जोडदै वाँयातिरबाट राजा **हम्म** भएको कथा गाँसिएको छ । वंशावलीले कथा भन्दै आउँदा लिला पनधिरदेउकी दुई रानी मध्ये जेठी रानीपट्टिका सन्तान डाडुदेवले सिंजाका खस महाराजलाई रिझाएर नौ खुवाको सिर्तो उठाउने अधिकार सहित कुँवर उपाधि पाएपछि खुलाल कुँवर भएको तथ्य माथि परिचर्चा भईसकेको छ । वर्तमान खस खुलाल कुँवरहरुको उत्पतीगत आधार भगवान ईन्द्र सम्म पुऱ्याएर आफ्नो जातीय इतिहासलाई सवश्रेष्ठ कायम गरिएको छ ।

किम्वदन्ती अनुसार खस खुलाल कुँवरहरुको लामो ऐतिहासिक परम्परा देखिन्छ । राजाराम सुवेदीले कुँवरको वंशावली क्रम जयसिंहबाट सुरु गरेका छन् (सुवेदी, वि. सं. २०५८, पृ. २८९) तर ध्वजबहादुर कुँवरले उनीसंग भएको वंशावलीमा चितौगढ देखि सुरु भई जनालीकोट सम्मको सम्बन्ध देखाएका छन्, जुनकुरा माथिका तथ्यहरुबाट अप्रासंगिक देखिन्छ ।

वंशावलीको कथाले कुवँरहरुको आदिपुर्खा ब्रम्हदेवलाई मानेको छ । ब्रम्हदेव देखि डाडुदेव सम्म ३७ औं पुस्तासम्मको परिचर्चा गर्दै डाडुदेवबाट खस खुलाल कुँवरहरुको सम्बन्ध स्थापित गर्न सकिन्छ । डाडुदेवको विषयमा माथि पनि प्रकाश पारिएको छ । यिनका २ छोरा मध्ये कर्णाली पश्चिममा जनालीकोटमा पन्धिर कुवँरका सन्तानहरु वसोवास गर्दै आएको कान्छा धिरदेव कुँवरको सन्तान पूर्वतिर गएका छन् । पन्धिरकुँवरका २ छोरा मध्ये गाडुदेव कुँवर जेठा र चाडुदेव कुँवर कान्छा थिए । कुँवर वंशावलीलाई यस प्रकारको तालिकामा चित्रण गरिएको छ ।

## डाडुदेव कुँवर–जनालीकोट

धिरदेव कुँवर

↓

पन्धीरदेव कुँवर

↓

डाडुदेव कुँवर　　　चाडुदेव कुँवर

↓

परिमलदेव, जुठुदेव, मेधदेव, सारिमदेव, मेगदेव, जयमानदेव

१. परिमल देव कुँवरका छोरा–– जयसिंह देव

२. जयसिंह देव कुँवरका छोरा : खलु कुँवर, भरत कुँवर

३. मेघदेव कुँवरका छोरा : विदरी बम्म कुँवर, मन कुँवर

४. सारिम देवका ४ छोरा : संसारु, साना, सिंगारु, धना कुँवर

भोगदेवका छोराहरु : साना कुँवर, लाटु कुँवर, जगकुँवर

जयभानदेव कुँवर जुम्ला गए भन्ने भएकोले जुम्लामा गई वंशावली खोज गर्नुपर्ने आवश्यकता भएको छ (कुँवर, सव. सं. २०५६, पृ. १४–१५)।

# अध्याय–तीन

# खस खुलाल कुँवर समुदायको भौतिक संस्कृति

अछाम चण्डीका स्थित खस खुलाल कुँवरहरु आध्यात्मिक र धार्मिक प्रकृतिका छन् । धार्मिक तथा आध्यात्मिक भावनाहरुलाई अभिव्यक्त गर्ने क्रममा भौतिक विषयले भूमिका खेल्दछ । आध्यात्मिक भावनालाई अभिव्यक्त गर्न प्रतीकात्मक स्वरुपमा व्यक्त गरिएका वा निमार्ण गरिएका संरचनालाई सांस्कृतिक सम्पदा भनिन्छ । सांस्कृतिक संरचना सम्पदा र आध्यात्मिक चिन्तनको संगमबाट समाज र संस्कृतिको निर्माण हुन्छ । जीवन जगतप्रतिको विश्वदृष्टिकोणलाई प्रतीकात्मक भावार्थमा व्यक्त गर्न सिर्जना गरिएका सांस्कृतिक सम्पदा र सामग्रीहरु तत्‌तत् जातिकोका प्रतीविम्व हुन् । पूजा परम्परामा प्रयोग गरिएका सामग्रीले सांस्कृतिक महत्व बोकेका हुन्छन् । प्रतीकात्मक भावार्थमा निर्माण गरिएका मठ, मन्दिर, माणु, भन्थान, देवल र शिवालय, पाटीपौवा, धारा, कुवा , पानीपँधेरा, र नाउलाहरुले एकातिर सांस्कृतिक र दार्शनिक भावार्थ व्यक्त गरेका हुन्छन् भने अर्कोतिर लौकिक र सामाजिक मूल्य मान्यताहरुलाई अभिव्यक्त गरेका छन् । जात्रा, पर्व, परम्परामा प्रयोग गरिएका वाद्यवादन, गरगहना आदिमा विशिष्ट कालीगढी, कलाकारिता, शैलीशिल्प र जीवनदर्शन अभिव्यक्त भएको हुन्छ । आदिम चेतनाको निरन्तर प्रवाहमा जीवन्त रहेका यी कलाकारिता मार्फत जातीय, सामाजिक र सांस्कृतिक इतिहासले जीवन्तता प्राप्त गरेका हुन्छन् । सांस्कृतिक सम्पदाहरुसंग जोडिएका लोकआस्था, लोकविश्वास, लोकसंगीत, लोकनाट्यकारीता र मिथकले जातीय इतिहासलाई अभिव्यक्त गरेको हुन्छ । जातीय इतिहासको विरासत र वंश परम्परालाई लोकगाथा मार्फत जीवन्तता प्रदान गरिने भएकोले सांस्कृतिक भौतिक सम्पदामा अमूर्त संस्कृतिको विशेष महत्व रहेको हुन्छ । यस अध्ययनमा खस खुलाल कुँवरहरुका सांस्कृतिक अनुष्ठान र परम्परासंग जोडिएका भौतिक सम्पदाहरुको संक्षिप्त परिचर्चा गरिएको छ ।

## ३.१ धार्मिक तथा पुरातात्विक सम्पदाहरु :

### ३.१.१ मठ मन्दिर :

मठ मन्दिर लगायतका सम्पदाहरुमा खुलाल कुँवरहरुको धार्मिक तथा सांस्कृतिक परम्परा गांसिएको छ । विशेष गरी खस खुलाल कुँवरहरुको चण्डीका मन्दिरमा विशेष पुजाआजा

हुन्छ । यसपछिका उपशीर्षकहरुका यी भौतिक सम्पदाहरुको विषयमा संक्षिप्त परिचर्चा गरिन्छ ।

**३.१.१.१ चण्डीका मन्दिर :**

यस मन्दिरको प्राचीनतालाई प्रमाणित गर्ने कुनै पुरातात्विक एवं अभिलेख प्रमाणहरु हालसम्म पनि प्राप्त भएको छैन । पछि हुने पुरातात्विक अन्वेषण र उत्खनन्ले यस तथ्यलाई प्रमाणित गर्ने छ ।

स्थानीय अनुश्रुति अनुसार यस मन्दिरको प्राचीनता ११औं शताव्दी भन्दा पुरानो हुन सक्छ । किम्वदन्ती अनुसार जनालीकोटमा चण्डीकाको प्राचीन मन्दिर थियो । खस खुलाल कुँवरहरु बीच भागबण्डा हुने क्रममा सिंगारु कुँवर र साना कुँवरलाई काटै, गैरागाउँ र मोटेना गाउँ भागमा पर्न गयो । फलस्वरुप छुट्टिएका भाई मध्य दुईभाईबाट जनालीकोटबाट ल्याईएकी चण्डीकादेवीलाई यस ठाउँमा स्थापना गरियो र पछि त्यही ठाउँ नै चण्डीका देवीको मन्दिरका रुपमा परिचित हुन गयो । स्थानीय कथन अनुसार सुरुमा त्यहाँ विशाल बरका रुखहरु थिए । यी रुखको फेदमा नै सानो थानको रुपमा चण्डीका देवीको मन्दिर स्थापना गरिएको थियो । पछि वि.सं.२०४० सालमा वर्तमान संरचनामा देखिएको गुम्वज शैलीमा चण्डीका मन्दिरको स्थापना गरिएको भनाई छ ।

संरचनागत हिसाबले यो मन्दिर शिखर शैलीको झल्को दिने तर गुम्बज शैलीमा निर्मित छ । सेती, महाकाली क्षेत्रमा प्राय मन्दिरहरु शिखर र गुम्वज शैलीमा निर्मित भएको पाइएकोले यो मन्दिर पनि सोही शैलीमा बनाइएको हुनु स्वभाविक छ ।

यो शाक्त मन्दिर हो । शाक्त मन्दिर भएकोले शाक्त दर्शन अनुसार नै पुजा परम्परा र अनुष्ठान सम्पन्न गरिन्छ । विशेषगरी चैते दशैं र वडादशैंमा धुमधाम मेला लाग्दछ । शाक्त पिठ भएकोले यहाँ भोगवली र पञ्जवली दिईन्छ । पञ्चवली दिने क्रममा यहाँ बाजा बजाईन्छ । दमाईजातीको स्त्रीहरुबाट गाईने मागल रागले दशैंको रौनकमाथि अझ रौनकता थपिएको हुन्छ । यस मन्दिरमा २ थरी पुजारी हुन्छन् । डोटीको मुडभराबाट आएका मुडभरी शर्मा र कुँवरहरुका एक भाईलाई मुख्य पुजारी अर्थात रजवारको समन्वयबाट यस मन्दिरको धार्मिक तथा सांस्कृतिक गतिविधि सम्पन्न हुन्छ ।

यो मन्दिर अमूर्त संस्कृतिको हिसाबले सम्पन्न छ तर पुरातात्विक र कलाको हिसाबले न्युन कलाकारिता देखिन्छ । मन्दिरमा सादापन् छ । सामान्य प्रकृतिका ध्वजा र घण्टहरुले मन्दिर सुसज्जित छ । दशैंको समयमा मात्र मन्दिर भित्र चण्डीका देवीको मूर्ति राखिन्छ । बाँकी समय पुजारीका प्रमुख हर्ताकर्ताको रुपमा परिचित खस खुलाल कुँवर ( रजवारको ) घरमा राखिन्छ ।

करिब १ फिट लामो ढलौटबाट निर्मित देवीको मूर्ति करिब १०० वर्ष पुरानो मानिन्छ । देवीको मूर्तिमा ६ वटा हात छ । प्रत्येक हातमा शास्त्र अनुसारको अस्त्र र आयुधहरु धारण गरेको देखाईएको छ ।

वडादशैंमा र चैते दशैंमा बाहेक अरुबेला यहाँ कुनै पनि पुजाआजा हुँदैन । मन्दिरको आफ्नै आयआर्जन र गुठी जग्गा छैन । स्थानीय समुदायहरुबाट नै यो मन्दिर संरक्षित र संचालित छ ।

### ३.१.१.२ कैलासेश महादेव (जिमराणी) मन्दिर :

साँफेबगर नगरपालिका- ८, चण्डीका स्थित जिमराणीमा कैलासेश महादेवको थान रहेको छ । यस ठाउँमा दारे र दुधे मस्टोको थान रहेको छ । कैलासेश महादेवलाई जिमराणी नामले पनि जानिन्छ । स्कन्दपुराणको मानसखण्डको पृष्ठ ६०८ मा पनि यस विषयको परिचर्चा परेको छ (शाह, वि.सं., २०५४, पृ. १४०) । कैलासेश महादेवसंगै मस्टोबण्डाली देवताको पनि पुजा हुन्छ । कैलाश खोला र बुढीगंगाको संगम रहेको यस स्थलमा माघे संक्रान्ति, ज्येष्ठ पूर्णिमा र वैसाख पूर्णिमा विशेष मेला लाग्दछ ।

### ३.१.१.३ मष्टोलिङ्ग :

मस्टो खस बाहुनहरुको कुल देवता हुन् । यिनलाई अवैदिक देवता अर्थात ग्रामदेवता, ग्राम रक्षक र लोकपाल देवताको रुपमा पुजा गरिन्छ । विद्धानहरुले मस्टोलाई शिवजीको अवतारको रुपमा मानेका छन् । मस्टोको कुनै मूर्ति हुँदैन तर यिनलाई लिङ्गको प्रतीकको रुपमा पुजा गरिन्छ । मस्टोदेवलाई ध्वजा, पतंगा र पर्गला चढाईन्छ । दुधे मस्टोलाई दुधको धार दिईन्छ भने दारे मस्टोलाई रगत चढाईन्छ । खस राजाहरुले न्याय सम्पादन गर्ने क्रममा मस्टोदेवलाई साक्षी राख्थे भन्ने भनाई पनि छ । त्यसकारण यस क्षेत्रमा मस्टोदेवलाई न्यायका देवता पनि भनिन्छ । मस्टोको मूर्ति नहुने भएकोले यिनलाई प्रतीकात्मक रुप र भावमय आदर्शबाट पूजा उपासना गरिन्छ ।

### ३.१.१.४ हातहतियार :

हातहतियार मानव जीवनको लागि अभिन्न अंग हो । नेपाली संस्कृतिमा खड्ग हतियार पूजा गर्ने दार्शनिक र सांस्कृतिक परम्परा रहेको छ। विशेष गरी शाक्त मन्दिरहरुमा तलवार, खुडा, खुकुरी, कटारी, लगायतका हतियारहरुको पूजा गरिन्छ । मस्टोको थानहरुमा चिम्टा, लवागुर्जो, त्रिशुल र छत्र जस्ता विशेष प्रकारको हातहतियारहरु चढाईन्छ । मस्टोका थानमा चढाउने त्रिशुलले शिवसंगको सामिप्यतालाई प्रमाणित गर्दछ ।

### ३.१.१.५ भिउ ढुङ्गो :

साँफेबगर नगरपालिका-८, चण्डीका अन्तर्गत साननकुना माथि उत्तरतर्फ एउटा ठूलो ढुङ्गो छ जसलाई भिउ ढुङ्गा भनिन्छ। भिउ ढुङ्गा भन्नाको यस प्रकार रहेको छ। द्धापर युगमा पांच पाण्डवहरु स्वर्गवास जाने क्रममा यस क्षेत्र हुदै अगाडि बढेका थिए श्री वैद्यनाथ र श्री कैलाशसेश महादेवको सेवा गर्ने क्रममा यहाँ धेरै दिन बिताएकोले पिठो मुछ्न त्यसै ढुङ्गामा भीमसेनले पराँतको आकार र घुँडा टेक्ने खोविल्टा बनाएकाले भीम कै नामबाट उक्त ढुङ्गोको नाम भिम ढुङ्गो रहन गएको हो भन्ने जनश्रुती छ (शाह, वि. सं. २०७४, पृ १२८ )।

### ३.१.१.६ जिमराणीको भोटेकोट :

साँफेबगर- ८, चण्डीकामा पर्ने बुढीगंगा र कैलास खोलाको संगमस्थल मध्यमा पर्वत आकारमा दुईवटा टाकुरा रहेका छन्, जसलाई तल्लो कोट र माथिल्लो कोट भनिन्छः,जसलाई प्राचीन समयमा कन्थापुरी र वर्तमानमा जिमराणी भनिन्छ । तिनै टाकुरामध्ये तल्लो कोट पहाडको टाकुरामा दरबार छ , जुन भग्नावशेषको रुपमा रहेको छ। यसलाई भोटे राजाको कोट भनेर पनि चिनिन्छ । यो कोट कहिले र कस्ले बनाए भन्ने अज्ञात नै छ (शाह, वि. सं. २०७४, पृ. ११६ )।

## ३.२ भाँडावर्तनः

सांस्कृतिक तथा पुरातात्विक अध्ययनमा भाडावर्तनहरुको महत्वपुर्ण भूमिका हुन्छ । वस्तुतः संस्कृति, वातावरण र पर्यावरण अनुसार निर्धारित हुन्छ । वातारण पर्यावरणले खाद्य संस्कृतिको निमार्णमा ठोस आकार दिन्छ र खाद्य संस्कृतिले विविध पक्षलाई प्रभाव पार्दछ । कुनैपनि ढाँचा र आकार प्रकारको भाँडावर्तनको निर्माण हुनुमा त्यहाँको भूगोल र

पर्यावरणले प्रभाव पारेको हुन्छ । यसकारण संस्कृतिका कुनै पनि पक्षहरुको अध्ययनमा भूगोलको भूमिका खोजी हुनपर्दछ ।

खस खुलाल कुँवरहरुको धार्मिक तथा सामाजिक जीवनमा परम्परागत भाँडावर्तनहरुले विशेष भूमिका खेलेको देखिन्छ । कृषि जीवनसंग सम्बन्धित भाँडावर्तन, उपकरणहरु पुजाआजा अर्थात धार्मिक कार्यमा आधारित भाँडाकुँडाहरु प्रचलित छन् ।

चण्डीकास्थित खुलाल कुँवरहरुको क्षेत्रमा अन्य कुनै पुरातात्विक भग्नावशेषहरु छैनन् । कोट, किल्ला, दरवारका अवशेषहरु हालसम्म भेटिएको छैन । तर पुरातात्विक अन्वेषण र उत्खनन् पछि प्राप्त हुने सम्भाव्यतालाई भने नकार्न मिल्दैन यो क्षेत्रको विषयमा स्कन्दपुराणमा समेत परिचर्चा परेको हुँदा खोज अध्ययन गरिएमा प्रागैतिहासिक संस्कृतिका अवशेषहरु प्राप्त गर्न सकिने सम्भाव्यता बलियो छ ।

### ३.२.१ **वाद्य यन्त्र** :

खस खुलाल कुँवरहरुको धार्मिक तथा सांस्कृतिक पर्व परम्परामा विभिन्न बाजागाजाहरुको प्रयोग गरिन्छ विशेष गरी हुड्को, दमाउँ, नरसिंगा, झ्याली, ढोल, सनाई, घण्ट, पिजरा अर्थात मनुरा आदि बाजाहरुको प्रयोग गरिन्छ । पञ्चवली दिदा **पर्छो बाजा** बजाईन्छ भने विवाहमा पञ्चेवाजा र मृत्यु संस्कारमा पनि ठाडोतालमा पर्छोको उल्टो तालमा दमाह बाजा बजाईन्छ । बर्तबन्धमा दमाहा झ्याली, नरसिंगा सनाई, हुड्को ढोल लगायतका बाजाहरु बजाईन्छ । बाजा बजाउनमा हुड्के र दमाईहरुको प्रमुख भूमिका रहन्छ ।

दमाहा पनि दुई प्रकारको हुन्छ । दाहिने दमाह र बाया दमाहा । दाँया दमाहमा पानी हालेर विशेष किसिमले बाजा संगीत निकालिन्छ भने बाया दमाहलाई घाममा सुकाएर तिखो आवाज निकालिन्छ ।

नरसिंह बाजा तामाबाट बनेको हुन्छ । यो बिशेष गरी ब्रत बन्धमा बजाईन्छ । हुड्के बाजा हुड्केली नाच नाच्दा बजाईन्छ दलित जातिका बिभिन्न प्रकारहरु मध्य हुड्के प्रमुख जाति हो । अर्थात हुड्को नाच दमाई जातिको परम्परागत बाजा हो । विशेष गरी गाथा गानको शैलीमा हुड्केली गाउने भएकोले हुड्क्या र भार्त्या भन्ने प्रचलन पनि छ । (सुवेदी, वि. स. २०५८, पृ. ३१३)

## ३.३ परम्परागत वस्त्र आभुषण :

खुलाल कुँवरहरुको परम्परागत वस्त्र आभुषण र पहिरनको विशेष स्थान छ । वस्त्र आभुषण र पहिरनमा वातावरण पऱ्यावरण र परम्परागत संस्कृतिले प्रभाव पारेको हुन्छ । खुलाल कुँवरहरुको परम्परागत पहिरनमा खस संस्कृतिको प्रभाव देखिन्छ । चांडपर्व विशेष अनुसार पहिरन तथा आभुषणको प्रयोगमा फरकपन देखिनु स्वाभाविक छ । विशेषगरी पुरुषहरुले टोपी, भोटो, आस्कोट, चोट्को, जुत्ता, कन्धनी, ठाडो धोती, पगडी, जामा, पटुका आदिको प्रयोग गर्दछन भने महिलाहरुले विशेष गरी चोली, पछ्यौरा, पटुका, गुन्यु, फरिया, घांघर, खास्टो,चोट्को र दोसल्ला आदिको प्रयोग गर्दछन । यस क्षेत्रमा प्रयोग गरिने गरगहनाहरु पनि विशेष प्रकारका हुन्छन् । जस्तै पुरुषले लगाउने गहनाहरु औंठी, लुड्की, सिक्री, जन्तर, विर्मली आदि पर्दछन भने महिलाहरुले लगाउने गहनाहरुमा सूर्यफूल शिरबन्दी, नत्थ, बुलाँकी, हार, नौगेडी, तिलहरी,चाप्की, कम्पनीमाल, ढुंग्री, खण्टो, पात्यारल, चुडी, औंठी, कमरपेटी, किलिप, कल्ली, आदि प्रमुख छन् ।

## ३.४ परम्परागत उत्पादन वस्तु :

चण्डीका क्षेत्रमा स्थानीय जनजीवनसंग सम्बन्धित पेशागत सीप र दैनिक गतिविधीले विशिष्ट महत्व राखेको देखिन्छ । दैनिक जनजीवनसंग आवश्यक पर्ने घरेलु समानहरु उत्पादन गर्ने क्रममा त्यहाँ विशिष्ट प्रकारको शैली र शिल्प देखिएको हुन्छ । जस्तै अल्लोको धागोबाट धागो, भाङ्ग्रा, दोराग कोट आदि बनाईन्छ भने लोकता र निगालाबाट पहाडी कागज आदि बनाउने परम्परा छ । काठबाट ठेकी, ऱ्याक, पन्यु, गिलास, कपडा बुन्नेतान, तेल पेल्ने कोल, हलो आदि बनाईन्छ । ओखल, पानीघट्ट लगायत अन्य देवी देवताको मूर्तिहरु प्रशस्त मात्रमा बनाईन्छ । फलाम, तामा, र कांसबाट तरवार खुकुरी, छुरा डाडु, घाँडा, चान्ना, आँसी, खुँडा, चिम्टा भाला, अम्खोरा, सुल्पा, मट्को आदि बनाईन्छन । कपासबाट विभिन्न प्रकारका कपडाहरु बनाउने प्रचलन छ भने छालाबाट जुत्ता, कमलदानी, डोरी, खुकुरीको दाप आदि बनाईन्छ । माटोबाट चिलम , परला, गमला, खुत्रुके, सुल्पा, अम्खोरा, लगायतका माटाका भाँडाकुँडाहरु निर्माण गर्ने चलन छ ।

## ३.५ खस खुलाल कुँवरहरुका घरको बनावट

खस खुलाल कुँवरहरुमा घर निमार्ण सम्बन्धी आफ्नै परम्परागत विशिष्टता रहेको छ । घरको मापन गर्दा एकहात (एकहातमा बुढी औंला र मुठी सहितको हातलाई चौतार्या)

मानिन्छ । यसरी लम्बाईमा १६ हात देखि २२ हात र चौडाईमा १२- १४ सम्मको घर हुन्छ । प्रायजसो सबै घर ढुंगा र माटोको गारोले बनाईएको हुन्छ । घरहरु प्राय साढे दुईतलाको हुन्छन् । भुईंतलालाई गाईगोरु बाँध्ने गोठको रुपमा प्रयोग गरिन्छ । अगाडिपट्टीको आँगन भागमा मल राख्नलाई प्रयोग गरिन्छ । घरमा पहिलो तलामा दुईवटा ढोका हुन्छ । मुलढोकासंगैको कोठामा भान्छा हुन्छ । र यस भन्दा भित्रको कोठालाई मुज्यालो भनिन्छ जुन सामान राख्न र सुत्न को लागि प्रयोग गरिन्छ । दोस्रो तलामा जानको लागि भर्याङ्ग राखिएको हुन्छ । र त्यहाँ पनि दोस्रो तलाको भित्रिकोठालाई मुज्यालो नै भनिन्छ । सबैभन्दा माथिल्लो तलालाई पाण भनिन्छ । जुन विविध वस्तु राख्न प्रयोग गरिन्छ । पाणमा नै पूजाकोठा माण्डो, मस्टो देवताको माण्डो र देवीको थापना गरिन्छ । घरहरुमा कौसी, बार्दली बनाईएको हुन्छ । छानो प्राय ढुंगा (स्लेट) र खरले छाईएको हुन्छ । मुलढोकामा ताला लाउँनको लागि साङ्गलोको प्रयोग हुन्छ । र भित्रबाट सुरक्षित तरिकाले काठको हुलोको प्रयोग हुन्छ ।

# अध्याय–चार

# खस खुलाल कुँवर समुदायको अभौतिक सांस्कृतिक परम्परा

नेपालको धार्मिक तथा सांस्कृतिक इतिहासको अध्ययनमा खसमण्डल पनि भनि जानिने सुदुर पश्चिम नेपाल अर्थात कर्णाली प्रस्रवण क्षेत्रको महत्वपूर्ण स्थान छ । चण्डीकास्थित खस खुलाल कुँवरहरुले मान्ने सांस्कृतिक चाडपर्व र परम्पराहरु अन्य हिन्दू खस आर्यले मान्ने पर्वपरम्परा भन्दा पृथक छैन । विशेषगरी धार्मिक आस्था र पर्व परम्परा, लोक साहित्य, लोक संस्कृतिले सम्पन्न सुदुर पश्चिम क्षेत्रको सांस्कृतिक परम्पराको संक्षिप्त परिचर्चा यस अध्यायमा गरिएको छ ।

## ४.१ **नागपञ्चमी :**

श्रावण शुक्ल पञ्चमीको दिन मनाईने यो पर्व प्रकृतिपूजक छ । खसहरु अवैदिक आर्य भएका हुनाले प्रकृतिपूजक हुनु स्वाभाविक छ । यो दिन नागको चित्र बनाएर घरघरमा टाँस्ने प्रचलन छ । विशेषगरी अष्टनागको चित्र बनाएर टांस्ने चलन छ । नागको पूजा गरी यसरी ढोकामाथि टाँसेमा सर्पले टोकेमा पनि विष लाग्दैन भन्ने विश्वास बढी छ । सर्प शिवजीको प्रिय गहना हो । खस जातिमा ग्राम देवता अथवा मस्टोलाई मस्टोको आद्यरुपमा शिवजीसंग जोड्ने परम्परा छ । यसकारण शिवजीको प्रिय गहना भएकोले खसहरुले नागपूजा गर्नु स्वाभाविक लाग्छ ।

## ४.२. **गंगा दशहरा :**

गंगा दशहरा पर्व पनि शिवजीसंग सम्बन्धित छ । भगवान शिवजीको जटावाट गंगाजी पृथ्वीमा अवतरण गरेको भावार्थमा मूर्ति कुँद्ने परम्परा काठमाण्डौमा छ । प्रायः उमामहेश्वर मूर्ति फलकमा गंगाजीलाई शिवजीको जटाबाट पृथ्वीमा अवतरण गरेको देखाईन्छ । चाडको रुपमा गंगादशहरा ज्येष्ठ शुक्ल दशमीको दिनमा मनाईन्छ । यसैदिन गंगा पृथ्वीमा अवतरण गरेकी हुन भन्ने भनाई छ । विशेषगरी खसान प्रदेशको खप्तड क्षेत्रको त्रिवेणी क्षेत्रमा गंगा दशहराको मेला लाग्दछ ।

### ४.३ जनैपूर्णिमा :

हिन्दू धर्म तथा संस्कृति मान्ने ब्राम्हण क्षेत्री समाजमा जनैपूर्णिमाको विशेष महत्व छ । त्यस दिन पुरानो जनै त्याग गरी नयाँ जनैधारण गर्ने चलन छ । विशेष विधिबाट तयार गरिएको जनैलाई मन्दिर वा देवस्थलमा ब्राम्हणबाट शुद्धिकरण गरिन्छ । यसरी पवित्र गरिएको जनै धारण गर्न योग्य मानिन्छ । यसदिन ब्राम्हणहरु घर घरमा गएर हातमा रक्षा बन्धन बाँधिदिन्छन । रक्षावन्धन बाँधिदिए पछि ब्राम्हण पण्डितलाई भेटी, प्रसाद आदि दिईन्छ । रक्षावन्धनको दिन हातमा बाँधिएको धागोमा गाई तिहारमा फूलमाला गाँसेर गाईलाई माला लगाई दिएमा शौभाग्ययुक्त भईन्छ भन्ने विश्वास खुलाल कुँवरहरुमा पनि छ । जनैपूर्णिमाको दिन विशेष गरी बडिमालिकामा ठूलो मेला लाग्दछ ।

### ४.४ रोट्या त्यार :

यस क्षेत्रमा प्रचलित पर्व र संस्कारहरु मध्य रोट्या त्यार पनि महत्वपूर्ण पर्व हो । यद्यपि यो वैदिक र शास्त्रीय पर्व भने होईन स्थानीय र लौकिक पर्व परम्परा हो । तर यस पर्वमा केही मात्रामा शास्त्रीय प्रभाव भने देखिन्छ । भाद्र कृष्ण षष्टीलाई रोटको डल्लाले हान्ने अर्थात रोट चढाउने दिन भएकोले यस पर्वलाई रोट्या त्यार भनिएको हो । रोट्या त्यार गर्ने पनि विशेष विधि र प्रक्रिया छ । पथारेको गहुँको रोटीमा आयतन आकारमा भिजाई पिसेको मास र मसलाको मिश्रण मिसाई हत्केलाको लम्बाकृति दिई चारैतिरबाट बेरिन्छ । यसरी आयताकारमा मासमसला बेरिएको रोटी बाहिर साल र केराको पातले पुरै ढाक्ने गरी बेर्ने र ढकनीयुक्त ताउलोमा छोपेर पकाईन्छ । रोट पाकिसकेपछि भोलिपल्ट यो घरघरमा बांड्ने प्रचलन छ ।

### ४.५ विसु पर्व वा विसु तिहार :

नव वर्षलाई उत्साह र उमंगको वर्ष मानिन्छ । यसै उमंगको सुरुवातलाई अछामीहरु विसु पर्वको रुपमा मनाउंछन । विसु पर्व कहिले देखि मनाउन थालियो यो अध्ययनको विषय हो । तर लडाँई भिडाँई र युद्ध विजयको हर्ष, बढाँई र कामूकताको प्रतीकात्मक भावार्थमा यो पर्व मनाएको देखिन्छ ।

ज्योतिषले साईत जुराए पछि विसुपर्व सुरु हुन्छ । विसुपर्व मनाउंनु भन्दा केही दिन अगाडिदेखि महिलाहरु पुतला नामक खेल खेल्दछन् र विसु त्यारको दिनमा सो खेलको विसर्जन हुन्छ । एउटी किशोरीलाई दुलहा बनाई दौरासुरुवाल पहिऱ्याही, पटुकी बाँधी छाता ओढाई पुताला खेल सुरु हुन्छ र अन्त कपडाको प्रतीकात्मक स्वरुप पुतला बनाई अस्त गरिन्छ ।

विसु पर्व, तिहार, वा विसु सक्रान्तिको मुख्य रौनक विसुबाघ नामक खेलमा हुन्छ । कुनै एउटा युवकलाई विसुबाघ र अर्को युवकलाई स्याल बनाईन्छ । विसुबाघको मुखमा पिठो घसेपछि बाघको अभिनय गर्दै उ अघिअघि दौडन्छ र उसको पछाडि सयौं युवायुवतीलाई विशेष मन्त्रोचारण र बाजागाजा सहित सिस्नोले हानेर लखेटिन्छ । बाघ बनेको युवकलाई लखेट्दै लगी कुनै एउटा स्थानमा २०० मिटर सम्मको मानवघेरा बनाईन्छ । उक्त घेराभित्र बाघ बनेको युवालाई पालो पालो उठाईन्छ यसै क्रममा स्याल बनेको युवालाई पनि ल्याएर बिसु बाघलाई भीरबाट लडाएको र बाघ मारेको अभिनय गरिन्छ र खेल समाप्त हुन्छ । यहि विसुबाघ मारेर फर्केका युवाहरु न्याउला खेल, डेउडा गित र सरायँ गाउदै र खेल्दै नाच्दै फर्कन्छन् र बिसुपर्व पनि समाप्त हुन्छ ।

### ४.६ **महाशिवरात्री :**

हिन्दूहरुमा विशेष गरी शैव धर्मावलम्वीहरुको लागि शिवरात्री महत्वपूर्ण पर्व मानिन्छ । यस पर्वमा शैववादी लगायत शाक्त, वैष्णव धर्मावलम्वीहरुले पनि उत्तिकै महत्वका साथ मनाउँछन् । यस दिन राष्ट्रिय बिदा हुने भएकोले समग्रमा यस चाडलाई राष्ट्रिय चाड वा दिवसको रुपमा मनाईन्छ ।

अछाम जिल्लामा शिवरात्रीलाई विशेष महत्वकासाथ मनाईन्छ । विभिन्न शिवालयहरु लगायत अछामको वैद्यनाथ शिव मन्दिरमा यस दिन ठूलो मेला लाग्दछ । यो दिन नेपाल र भारत लगायतका ठाउँहरुबाट साधुसन्त र भक्तजनहरु आउँने गर्दछन । श्री वैद्यनाथ रुपी शिवजीको दर्शन गरीसकेपछि ग्वालेश्वर महादेवले तपस्या गरेको बुढीगंगा र सरस्वती नदीको संगम ग्वाले भन्ने ठाउंनेर स्नान गरेर मन्दिरमा दर्शन गरे उत्तम फल प्राप्त हुन्छ भन्ने धाराण छ ( सुवेदी, वि. सं २०५८, पृ. ३३२ ) । स्वस्थानी पूर्णिमाको समाप्ती देखि नै वैद्यनाथ मन्दिरमा व्यवस्थापकीय कार्य सुरु हुन्छ । वैद्यनाथ मन्दिरमा चढाउँनको लागि ३२

हात लामो टांगो काटिन्छ जसमा ध्वजा चढाउनको लागि प्रयोग गरिन्छ । शिवरात्रीको सबैभन्दा रमाईलो दृश्य मन्दिरमा पहिलो ध्वजा चढाउनुमा हुन्छ । परम्परागत रुपमा पर्गलो चढाउँन गाउँघरको साथै आफुले भाकल गरे अनुसार काम सम्पन्न भएको उपलक्ष्यमा पर्गलो चढाउने परम्परा छ । पर्गलो भनेको विभिन्न रंगको कपडाको ध्वजा बनाई बाँसको टुप्पामा सजाई बनाईएको ध्वजा हो । आफ्नो गाउँबाट पर्गलो ल्याउँदा सबैभन्दा अगाडि पन्चेबाजा त्यसपछि सिंगारिएका बलिष्ठ युवकहरुद्धारा समातिएका ध्वजा र अन्तिम पंक्तिमा सजध्वजले परिपूर्ण गाउँलेहरु लाग्दछन् । तिनीहरु बाजाको तालमा रमाउँदै साँझतिर वैद्यनाथ क्षेत्रमा पुगी मन्दिरको परिक्रमा गरी सकेपछि आ- आफूले ल्याएको पर्गलो त्यहाँ रहेका मूलध्वजा फर्फराएको ३२ हाते सालको टाँगातिर ठड्याई बलियो डोरीले बाँधी चढाईन्छ । यी पर्गलाहरु पनि परम्परा अनुसार क्रमश लुंग्रेल, पर्वाल , गँज्याल र त्यसपछि जो पहिला आएका छन् त्यसक्रम अनुसार चढाउँने गर्दछन् । अन्तमा शिद्ध मण्डपनाथको गादी रहने भण्डार गृहबाट गुठीयारहरु पुजारीका साथ बाजागाजा सहितको भव्य जुलुस सहित वैद्यनाथ मन्दिरमा ल्याउने प्रचलन छ ।

## ४.७ गौरा :

नेपाल एक तान्त्रिक भूमि हो । यस विषयमा शास्त्रमा विशेष वर्णन छ । तान्त्रिक देवता र मातृकाहरुले नेपालको संरक्षण गरेको जनविश्वास छ । शाक्त परम्परामा आधारित रहेर मनाउने पर्वमा गौरा पर्व पनि एक हो । विशेषगरी सुदूर पश्चिमाञ्चल क्षेत्रमा मनाईने यस पर्वले त्यस क्षेत्रको सांस्कृतिक पर्व परम्परा र मूल्य मान्यताहरुलाई अभिव्यक्त गरेको प्रतीकात्मक भावार्थमा लिन सकिन्छ । भाद्र शुक्ल चौथीदेखि द्वादशी सम्म मनाईने गौरा पर्वमा गौरा अर्थात पार्वतीको विशेष पूजा गर्ने चलन छ । स्थानको फरकपना अनुसार गौराको नाम फरक फरक छ । विशेष गरी गौरा, गोरा, गमला, लोलीः, लोली, गवँरा, उज्याली गौरा र अन्यारी गौरा जस्ता विभिन्न नामहरुबाट पार्वतीलाई स्थानीकरण गरिएको पाईन्छ । शिव र शक्ति बीच अभेद सम्बन्ध रहेको हुनाले गौराको पूजागर्दा शिवजीको संगसंगै पूजा गर्ने प्रचलन रहेको छ । गौराको पहिलो दिन पन्चान्न ( गेडागुडी ) राम्ररी केलाईन्छ, दोश्रो दिन घरमा लगि पखालिन्छ । त्यसपछि क्रमश षष्टीको दिन उक्त गेडागुडी जसलाई बिरुडा भनिन्छ, जल देवतालाई चढाईन्छ । बिरुडा भिजाउँदा र पखाल्दा मंगलध्वन ( फागू ) गाउँने चलन छ । सप्तमीको दिन खेतबाट सामा उखेलेर गाउँको मूलीको घरमा

जम्मा गरिन्छ। अनि त्यस दिन सामाको बोटबाट गौराको मूर्ति बनाईन्छ। अष्टमीको दिनमा फेरी गौराको अर्को मूर्ति बनाईन्छ जसलाई कान्छि गौरा वा सौता गौरा पनि भनिन्छ। त्यसपछि दुबै गौराको सामा एउटै ठाउँमा मिसाईन्छ। जेठी र कान्छी गौरालाई मिसाएर एउटै पारीसकेपछि पूजाको कार्य सुरु हुन्छ। गौरा अवधिभर स्थानीयहरु देवीदेवताका फाग, चाँचरी, धमारी र देउडा गाउने नाच्ने गर्दछन् ( खड्का, वि. स.२०६९, पृ. ४० )।

## ४.८ अनन्त्या पुनि :

भाद्र शुक्ल पन्चमी अर्थात पूर्णीमाको दिनलाई यस क्षेत्रमा अनन्त्या पुनिको रुपमा पुजिन्छ। यस दिन देवी देवताका थानहरुहरुमा देवता गाड्ने र धामी नाच्ने दिनका रुपमा यो पर्व प्रसिद्ध छ। आफ्नो देवताको प्रारुप अनुसार धामीले नाच्ने र सोही नाचको तालमा ताल बमोजिम दमाईं जातिले बाजा बजाउछन्। यस दिन खप्तड दहमा पनि खापर मस्टो पुजिन्छ। रक्षा बन्धनमा विशेषूजाआजा सहित ल्याएको खप्तड देवताको डोलीलाई बाजागाजा साथ पार्वतीको पोईली घर पुजारी गाउँमा लगिन्छ।

## ४.९ दशैं :

हिन्दू धर्मावलम्वीहरुको एकमात्र महत्वपूर्ण चाड दशैं मुलतः शक्ति उपासना र साधनासंग केन्द्रित छ। दशैको सामाजिक, लौकिक र सांस्कृतिक पक्ष जे जस्तो भएता पनि आफूभित्र रहेको आसुरी प्रवृति र तामसिक विकार माथि विजय गरी निर्विकार हुनु पर्दछ भन्ने दर्शन नै दशैंको दार्शनिकतामा रहेको छ। सांस्कृतिक पृथकतामा मार हान्ने परम्परा पनि विशेष महत्वको छ।

खसान क्षेत्रमा दशैं धुमधामसंग मनाईन्छ। यस क्षेत्रका शक्तिपिठहरुमा दशैंमा विशेष घुईंचो लाग्दछ। घर आँगन, पाटीपौवा, धाराकुवा, लगायत सार्वजनिक सम्पत्तिहरुको मर्मत, संरक्षण र सरसफाई त गरिन्छ नै लिंगे पिङ र रोटेपिङ खेल्ने प्रचलन छ। शाक्तपिठहरुमा आफ्नो भाकल, वाचा र प्रतिज्ञा अनुसार पूजाआराधना र वली दिने प्रचलन छ। यसै दिन पश्चिमाञ्चल क्षेत्रमा कहींकहीं सरायँ खेल्ने प्रचलन पनि छ। समग्रमा सामाजिक, सांस्कृतिक विविधताहरुलाई एकताको मालामा बाँध्ने काम दशैंले गरेको हुन्छ भने कायिक, वाचिक र मानसिक शुद्धिकरण गरी परमानन्दमा रमाउन सक्नु पर्दछ भन्ने भाव नै दशैको दार्शनिक रहेको हुन्छ।

कुनैपनि समय र स्थानमा विशेषगरी दशैंको समयमा मार हान्ने क्रममा खप्तडी खड्कालाई सम्बेधन गर्दै - "खप्तडी खड्का आइजा" भनेर बोलाई मार हान्ने चलन छ जुन अन्य खस क्षेत्रीहरुमा छैन ।

### ४.१० मुवा औशीं :

यस क्षेत्रमा मनाउने विभिन्न सामाजिक सांस्कृतिक परम्पराहरु मध्य मुवा औशी पनि एक हो । जुन प्राय पुष महिनामा मनाईन्छ । यसदिन एउटा विशेष खेल खेलिन्छ । यस खेलमा पुरुषहरुले विशेष प्रकारको पहिरनमा ढाल, तरवार लिई बाजाको तालमा नाच्ने गर्दछन् ।

### ४.११ चण्डीका क्षेत्रमा प्रचलित खुलाल कुँवरहरुको संस्कारहरु

#### ४.११.१ जातकर्म संस्कार :

मानव चिन्तन र चेतनाले जन्मलाई विशेष महत्वका साथ स्वीकार गरेको पाईन्छ । कुनै एउटा रहस्यमय प्रकृतिको कारण मानिएको जन्म र मृत्यु हुने भएकोले प्रकृति वा ईश्वर प्रति नतमस्तक हुनु स्वाभाविक छ । यस क्षेत्रका खस खुलाल कुँवरहरुले पनि बच्चाको जन्म प्रक्रियालाई विशेष महत्वका साथ हेर्दछन् । बच्चा जन्मिएपछि बच्चालाई सरसफाई गर्ने काम हुन्छ । विशेष गरी बच्चा जन्मिएपछि सुतक बार्ने चलन यस क्षेत्रमा छ । सुतकलाई जुठो सरह मानिने हुँदा यस समयमा अन्य धार्मिक संस्कारहरु गर्नु हुंदैन भन्ने मान्यता खस खुलाल कुँवरहरुमा छ ।

#### ४.११.२ छैटी :

चण्डीका स्थित खस खुलाल कुँवरहरुको आफ्नै विशिष्ट सांस्कृतिक परम्परा रहेका छ । जन्मदेखि मृत्यु सम्मका विभिन्न सामाजिक संस्कारहरुमा अन्य क्षेत्रका खस क्षेत्रीहरुको भन्दा यहाँको पृथक छ । जस्तै- छैटीको दिनमा रातभरी जाग्राम बसेर घरको ढोका नजिकै वा ढोकामा कालो बोका राखी त्यसलाई सातौं दिनमा बलीदिने परम्परा रहेको छ ।

बच्चा जन्मेको छैटौं दिन भावीले बच्चाको भाग्य लेखिदिन्छ भन्ने जनविश्वासमा छैटी कर्म गरिन्छ । छैटी गर्ने विधि र प्रक्रिया स्थान अनुसार फरक फरक हुन्छ । खस

खुलाल कुँवरुहरुमा पनि छैटी सम्बन्धी आफ्नै विधि प्रक्रिया छन् । विशेष गरी छोरा जन्मेको भए छैटीको दिन पुजारी बोलाई विशेष तरिकाले आफ्नो कुल परम्परा अनुसार छैटी गरिन्छ । छोरी भए सामान्य रुपले पुजा आजा गरी संस्कार सम्पन्न गरिन्छ ।

### ४.११.३ नवान्नी :

नवान्नीको अर्थ नवौं दिन भन्ने हुन्छ । बच्चा जन्मेको नौ दिनका दिन बच्चाको नामाकरण गर्ने हुनाले यस संस्कारलाई स्थानीय लवजमा नवान्नी भनिएको हो । नवौं दिन बाहेक ज्योतिषको साईत अनुसार १०, ११, १२ र १३ औं दिनमा पनि नामाकरण संस्कार सम्पन्न गरिन्छ । यस क्रममा पुरोहितले बच्चाको जन्म कुण्डली अनुसारको सुहाउँदो नाम राख्दछन् । यस बाहेक आमा बुवा वा परिवारले विशेष मन परेको नाम राख्ने प्रचलन पनि छ ।

### ४.११.४ भात खुवाई, अन्न चखाई वा अन्न प्राशन :

नामकरण पछि गरिने संस्कार अन्न प्राशन संस्कार हो । यस संस्कारलाई स्थानीय लवजमा पास्नी वा भात खुवाई पनि भनिन्छ । विशेष गरी बच्चाको उमेर बढ्दै गएपछि उसलाई आमाको दुधले मात्र पुग्दैन र ठोस आहाराको जरुरत पर्दछ । बच्चाको जन्मेको पहिलो पल्ट मात्र खुवाईने हुनाले यसलाई सामाजिक उत्सवको रुपमा लिईएको छ ।

यस उत्सव पनि पुजारीले जुराएको साईत अनुसार सम्पन्न गरिन्छ तर यस पर्व धार्मिक अनुष्ठान भने यो होईन । पुजारीले जुराएको साईतमा नौभारे टपरीमा विभिन्न परिकारका खानेकुराहरु राखी बच्चालाई खुवाईन्छ । यस दिन बच्चाको सबैभन्दा पहिला कुलघरको जेष्ठ व्यक्तिबाट खाना खुवाईन्छ । त्यसपछि दान दक्षिणा पनि दिईन्छ । बच्चाको परिवार सम्पन्न छ भने सांस्कृतिक कार्यक्रम पनि गर्ने चलन छ ।

### ४.११.५ कान छिन्टिने वा कर्णभेद संस्कार :

बच्चा अलि ठुलो भएपछिको विशेष दिनमा कान छेड्ने संस्कार प्रचलन छ । विशेषगरी बच्चाबच्ची र किशोर किशोरीहरुको कान छेड्ने चलन छ । कान छेडेपछि कानमा लगाउने गहनाले छोरी मान्छे राम्री देखिन्छन् भन्ने जनविश्वासले पनि कान छेड्ने प्रचलन छ ।

### ४.११.६ चुडाकर्म :

बच्चा जन्मेको ४–५ वर्षपछि संस्कार अनुसार विशेषगरी छोराको कपाल काट्ने संस्कारलाई चुडाकर्म संस्कार भनिन्छ । मामा वा काकावाट कपाल काट्दा राम्रो हुन्छ भन्ने सामाजिक मान्यता छ । प्रथम पल्ट काटिएको कपाललाई गाड्ने, सिस्नोघारीमा फाल्ने र नदीमा विसर्जन गर्ने प्रचलन छ ।

### ४.११.७ व्रतबन्ध :

हिन्दू धर्ममा ब्रम्हाण, क्षेत्री र वैश्य वर्णहरुमा व्रतवन्धलाई अनिवार्य मानिएको छ । व्रतबन्ध भएपछि नै शरीरमा जनै धारण गरिने हुनाले यसको धार्मिक तथा दार्शनिक महत्व रहेको छ । व्रतबन्ध नगरेको कुनै व्यक्तिको मृत्यु भयो भने त्यसको आधामात्र जुठो लाग्दछ भन्ने सामाजिक मान्यता छ भने व्रतवन्ध नगरेको व्यक्तिले आमा बुवाको मृत्युमा काजक्रिया पनि गर्न पाउंदैन भन्ने सामाजिक र शास्त्रीय मान्यता छ ।

ब्राम्हण, क्षेत्री बाहेक अन्य जनजातिहरुले व्रतबन्ध गर्दैनन् । व्रतबन्धलाई हुने खानेहरुले विशेष पर्वको रुपमा सम्पन्न गर्छन । यो बच्चालाई सामाजिकीकरण गराउने एउटा माध्यम हो । व्रतबन्ध पछि नै शिक्षा आर्जनको लागि गुरुकुलमा जाने वैदिक परम्परा हो । यद्यपि हाल यो परम्परा लोप भईसकेको छ ।

वैदिक मण्डप तयार गरेर व्रतबन्ध गरिन्छ । ब्रम्हा पूजा र अग्नि देवताको पूजा गरी गुरुद्धारा शिष्यलाई कानमा मन्त्र सुनाईन्छ । मन्त्र सुनेपछि वालकले प्रत्येक दिन सांझ बिहान नुवाई धुवाई गरी गुरुबाट प्राप्त मन्त्रको जपध्यान गर्नु पर्दछ ।

खस खुलाल कुँवरहरुमा वैदिक पद्धति र धार्मिक विधि अनुसार नै व्रतबन्ध सम्पन्न गरिन्छ । व्रतबन्ध गरिसकेपछि र धार्मिक अनुष्ठान र बिहे गर्न योग्य हुन्छ भन्ने धार्मिक र सामाजिक मान्यता छ । ब्रतबन्ध गर्दा सम्म बालकलाई त्यति धेरै छोई छिटो नियम लाग्दैन भन्ने सामाजिक मान्यता छ । व्रतबन्धमा आफ्ना कुल देवता र स्थानीय देवदेवीहरुलाई सम्झेर पूजाआजा गर्ने चलन छ । कसैले घरमै र कसैले मन्दिरमा गएर व्रतबन्ध गर्ने चलन छ । आर्थिक अभावका कारण सामुहिक व्रतबन्ध गर्ने चलन पनि छ ।

### ४.११.८ विवाह संस्कार :

खस खुलाल कुँवर क्षेत्रीहरुमा विवाह संस्कारलाई विशेष सामाजिक उत्सवको रुपमा सम्पन्न गरिन्छ । आफ्नै इष्टमित्र र जातभातभित्र मात्र विवाह गर्नुपर्छ भन्ने सामाजिक मान्यतालाई बढी जोड दिईन्छ । यस्तो विवाहमा व्यक्ति केटाकेटीको भन्दा पनि आमाबुवाको र सामाजिक भूमिका बढी हुन्छ । खुलाल कुँवरहरुमा पनि विवाहको विभिन्न प्रकारहरु छन् ।

विवाह संस्कार पनि मुख्यगरी सीमित जातिभित्र गर्ने परम्परा छ, जसमा खप्तडी खड्का, बोगटी, रावल, कार्की, आदि जात भित्र नै विवाह सम्बन्ध कायम राखिन्छ ।

**(क) बाल विवाह :**

केहि वर्ष अघिसम्म बालविवाहलाई निकै जोड दिईन्थ्यो । यस प्रकारको विवाहमा १०–१२ वर्ष भित्रै बालबालिकाको विवाह भईसक्छ । धार्मिक सामाजिक र आर्थिक बाध्यताका कारण सम्पन्न गर्नुपरेको देखिन्छ । हिजोआज भने सामाजिक परिवर्तनको प्रभावको कारण बालविवाहमा कमी आएको देखिन्छ ।

**(ख) मागि विवाह :**

परम्परागत विवाहका प्रकारमा मागि विवाह प्रचलित छ । यस प्रकारको मागी विवाहमा अभिभावकको भूमिका बढी र केटाकेटीको भूमिका गौण बन्न पुग्दछ । केटाकेटी वा आमाबुवालाई चित्त बुझ्दो भएमा बिहेको छिनोफानो गरिन्छ । सामाजिक परिवर्तनका कारण अचेल यसप्रकारको मागि विवाहमा केटाकेटी मन्जुरीको आधारमा छिनोफानो गरिन्छ ।

**(ग) बहु विवाह :**

पहिलो श्रीमतीबाट सन्तान नै नभएमा वा छोरी मात्र भएमा वा छोराको लागि बहु विवाह गर्ने चलन छ । अचेल कानुनी अड्चनका कारण बहुविवाहको प्रचलन घट्दै गएको देखिन्छ ।

(घ) **विधवा विवाह** :

यौवन अवस्थामा लोग्नेको मृत्यु भएमा एकल विधवा भएर बाँच्नु पर्ने बाध्यताको अन्त्य भई दोश्रो बिवाह गर्ने चलन बढेको छ । यो सकारात्मक पक्ष हो ।

(ङ) **जबरजस्ती विवाह :**

आफ्नो कुलगोत्र भित्र जवर्दस्ति विवाह हुँदैन तर ईष्टमित्रहरुमा बोगटी, खड्का, रावल, कार्की थर भित्रका छोरीचेलीहरुलाई बोकेर विवाह गर्ने प्रचलन छ । विशेषगरी अविवाहित कन्याकेटीलाई तान्ने चलन हुन्छ । सुरुमा केटाले केटीलाई तान्छ । त्यसपछि केटाका साथीहरुले केटीलाई तानेर घरसम्म ल्याउँछन् । भोलिपल्ट केटीलाई गरगहना लगाउँन दिईन्छ । यसपछि आवश्यक सामाजिक रीतिहरु सम्पन्न गर्दै गईन्छ । यसरी तानेर गरिएको विवाहमा ईष्टमित्रको छोरी हो भने सामाजिक मर्यादा कायम रहन्छ । तर इष्टमित्र बाहेकका जातिबाट गरिएको कुनैपनि प्रकारको विवाहबाट जन्मेका सन्तानको सामाजिक गिरावट आउँछ ।

यस प्रकारको विवाहलाई केटी तान्ने वा चोरी विवाह पनि भनिन्छ । आफुले मनपराएकी केटीलाई तानेर वा घिसारेर केटाको घरमा लगेपछि स्वतः विवाह भएको मानिने यस प्रकारको विवाह सामाजिक अन्याय भएको कारण बिस्तारै कम हुंदै गएको छ ।

(च) **लाधो बोक्ने विवाह :**

महिला र पुरुष कामवासनामा लिप्त भई डर धम्की देखाई गर्भ रहन्छ भने त्यस्ता गर्भवती युवती महिलाहरुलाई समाजका अगाडि अभियुक्त पुरुषको जिम्मा लगाईन्छ । कतिपय अवस्थामा महिलाहरु गर्भको कारण कसैलाई थाहै नदिई पर पुरुषसंग भागेर जान्छन । यस प्रकारको विवाहलाई लाधो बोक्ने विवाह भनिन्छ । यसरी जन्मेको बच्चाको सामाजिक स्थान तल नै हुन्छ ।

### ४.११.९ मृत्यु संस्कार :

मृत्यु मानिसको अन्तिम सत्य हो । चण्डीका क्षेत्रमा वसोवास गर्ने खस खुलाल कुँवरहरुमा आफ्नै प्रकारको मृत्यु संस्कार छ । मृत्यु हुन लागेको व्यक्तिको मुखमा सुनको

जल तर्पण गर्ने परम्परा छ । मरिसकेपछि मृतक व्रतबन्ध भैसकेको वा उमेर पुगेको वा विवाहित हो भने लासलाई जलाईन्छ भने बच्चा वा कर्म नचलेको मृतकलाई गाड्ने चलन छ । लासलाई हरियो बांसबाट निर्मित खाटमा राखेर बांधिन्छ । मृत लासलाई स्थानीय भाषामा मणो भनिन्छ । अविर, टोपी, लगाई फूल र रुपियाँका मालाले लासको श्रृंगार गर्ने चलन छ । लासलाई नउठाउँदा सम्म बुर्कि छर्नका लागि घरघरबाट धान ल्याउने चलन छ । यसक्रममा मृत्युकको घरमा लयात्मक ढंगमा रुवाबासी चल्दछ । मार्मिक शैलीमा विछोडको बिलौना पोखिन्छ । महिलाहरु मलामी जाने चलन छैन । मृतकका आफन्तले पालैपालो गरी लास बोकी लासलाई घाटतर्फ लगिन्छ । क्रियापुत्रीले कपाल मुण्डनगरी सेतो कपडाले ढाकी टाउकोमा सेतो फेटा सहित तामाको लोटा लिई नाङ्गो खुट्टा हिंड्नु पर्दछ । दाहसंस्कारमा पुरुषहरुको मात्र भूमिका हुन्छ । उमेर नपुगेकाको हकमा ५ दिनसम्म मात्र जुठो लाग्दछ भने सामाजिक विधि विधानले पूर्ण भईसकेको मृतकको १३ दिनसम्म जुठो बार्नु पर्दछ । यसरी जुठो बार्दा नुन र माछामासु प्रयोग गर्न हुदैन । १३ दिने दाजुभाईमा यो बीचमा धार्मिक, सांस्कृतिक तथा सामाजिक कार्यक्रम हुदैन । मृतकको आत्मालाई चिरशान्ती मिलोस भनेर पुरोहितले निर्देश गरेका शास्त्र तथा पुराणमा उल्लेख भएका सम्पुर्ण दानहरु यथाशाक्य गरिन्छ । साइत हेरी नौ दश दिनका दिन शरीरमा मयल हाल्ने (पिना लगाउने) गरिन्छ । १३ दिनको दिन गाईको गहुंत छर्की, गहुँत खाई चोखिने चलन छ । १३ दिनको संस्कार पछि आमाबुवा हो भने छोराले र लोग्ने हो भने महिलाले वर्ष दिन सम्म बरखी बार्ने चलन छ ।

### ४.११.१० केहि विशिष्ट संस्कृति

#### ४.११.१०.१ मस्टो पूजा :

नेपालको काली नदीदेखि मेची सम्मको भू-भागमा अझ त्योभन्दा पूर्व भारतीय उपमाहाद्विपको आसाम प्रान्त, त्रिपुरा मणीपुर सम्म छरिएर रहेका नेपाली मुलका ब्राम्हण, क्षेत्री, ठकुरीहरुले कुलदेवतालाई इष्टदेवको रुपमा पूजन गरिएका मुख्य देवता मस्टो हुन । यिनै मस्टोलाई स्थान विशेषमा पूजा गर्दा ठाउँ र गाउँको नामको आधारमा नामाकरण भएको पाईन्छ । जस्तै खापड मस्टो या खापर या खापरे मस्टोको उल्लेखबाट खप्तड, खेचराद्री वा माण्डलिक प्रजाहरुले मानिएका कुलदेवता मस्टो हुन भन्ने बुझिन्छ ( कोइराला, वि.सं, २०५२, पृ .१) । खप्तड क्षेत्रको मौलिक पहिचान र आस्थाको रुपमा मस्टो पुज्ने परम्पराले यस क्षेत्रमा प्रत्येक जनमानस, घरपरिवार, समुदायमा बास गरेको छ । मइन,

मइठो, मस्टो, मष्ट, मण्ठो, मण्ठा, मण्डो, मण्डा, मुईन, मुढा आदि स्थान विशेष र बोलिचालीको सामान्य फरकपनले एउटै अर्थ बुझाउने साझा नामहरु हुन । मस्टो शव्दले प्रमुख, मुख्य, उच्च पहाडको चुचुरो, देवीशक्तिको सेनानी, अलौकिक दैवीशक्ति, कलाको उच्च तहमा बसेर ऋद्धिसिद्धि तथा संरक्षण दिने देवता, विशेष शक्ति र सामर्थ्यले सम्पन्न र अलौकिक चमत्कार देखाउँन सक्ने ग्राम देवता, हिमाली देवता, महादेव र भवानीपछि आउने कुलदेवताका नामले चर्चित स्थानीय देवीशक्ति, सिद्ध र भैरब दुवै रुपमा पुजिने स्थानीय देवता, शैव र शक्ति पछिको शक्तिशाली रैथाने देवता जस्ता विविध अर्थ बताउँछ (चटौत, वि.स. २०५८, पृ.६४४) ।

संस्कृतिविद् सत्यमोहन जोशीले मस्टोलाई विना मूर्तिका लोकदेवता भनेका छन् । नेपालका सुदूर पश्चिमाञ्चलमा भेरी, सेती, कर्णाली, महाकाली आदिका पाखापखेरा र उपत्यकाहरुमा मस्टोको नाम सर्वोपरि मान्यता र प्रमुख छन् । वास्तवमा त्यो मस्टो ग्रामिण लोकदेउताको नाम हो । मस्टोको मूर्ति हुँदैन । यसको प्रतिनिधित्व धामिले गर्दछन् (जोशी, वि. सं. २०३५, पृ. १३०) । धामी अघिपछि एक साधारण मानिस नै भए पनि उसको शरीरमा मस्टो देवता चढेपछि उ एक अवतारी दैवी पुरुषको रुप धारण गर्छ । दैवीरुप धारण गरेका धामीले बोलेका बाणीहरुमा यस क्षेत्रका मानिसहरु देववाणीको रुपमा विश्वास गर्दछन् । मस्टो साधना गरिरहेको घरमा आलन सहितको लिंगो गाडिएको हुन्छ ।

वनजंगलमा बनथान अर्थात मुलथान र गाउँघरमा घरथान अर्थात सहायक थान गरी मस्टाका २ किसिमका थान हुन्छन् । घरका पूजाकोठामा कुलदेवताको रुपमा मानिएको घण्ट, त्रिशुल, दियो, ताम्रपत्र, चढाईएका सुनचाँदीका गरगहना, भाँडाकुँडा, मूर्ति एवम् सामानहरु राखिने भण्डार वा गाउँ वस्ती बीचको माण्डौलाई मस्टा देवताको घरथान भनिन्छ ( पन्त, वि. सं.२०६४, पृ. ९ ) । घरथान कुलको जेठो, गाउँको मुखिया वा समुदायले तोकेको घरमा राखिन्छ, जसलाई पूजारो भनिन्छ ।

गाउँ वस्तीभन्दा टाढाको वन, देउराली, खोलानाला, नदि घाट वा गाड वा वृक्ष वनस्पतीले परिवेष्ठित निकुन्जमा स्थापित मस्टोलाई वन्थान भनिन्छ ( पन्त, वि.सं.२०६४, पृ. १०) । मस्टोको मुलथलो बान्नी ( बझाङ्ग) र मूलमस्टो पनि बान्नी मस्टो नै भनिन्छ । त्यहीबाट ढँडार सरेको र ढँडारबाट अछाम, बाजुरा, मुगु हुँदै दुःख पीडा खप्दै जुम्ला सरेको हो भन्ने लोकोक्ति पाईन्छ ( सिंजापति, वि.सं.२०४८, पृ. ३१ ) ।

क्षेत्रीको छाईलो मेरो पाईलो, ज्वाँ मुन्ठा वाँ न्याँ, ढण्डारछुट्यो खप्तड फुट्यो, नौदुर्गा भवानी बाह्र मस्टोभाई, मस्टालाई पन्चैतरको जय ऐलीको खय, बान्नी फुट्यो ढणार छुट्यो, बुडो बडाइलो थार्पो थर्पाईलो, कब कजाईलो ढणार रजाईलो र मुण्टामाण टण्टाफाण जस्ता आदि प्रचलित डोटेली उखानहरुले मस्टाको लोकप्रियता देखाउँछ ( पन्त, वि. सं.२०६४, पृ. १८-२० ) । नौ बहिनी भवानी, बाह्र भाई मस्टा र अठार भाई बण्डाली हुन्छन् । स्थान विशेषले ती मस्टाका नौ बहिनी भवानी र बाह्र भाई फरक फरक छन् । १९ औं शताब्दीमा राजा राजेन्द्रको पालामा लेखिएको पौड्याल, सिग्धाल, र बगाले थापाको वंशावलीमा पहिलो गढदेवी, दोश्रो जयन्तमाला , तेश्रो समय, चौथो मस्टालिंग र पाँचौ बराह, छैटौं सुरुपाल र सातौं ब्रम्हदेव नाम उल्लेख गरिएको छ । त्यसैगरी यस वंशावलीमा कुमाउँबाट पौडी आए क्षेत्रीका पौडीमा मस्टो देवता पुजेको लेखोट छ (योगी, वि.सं.२०२२, पृ. ७७७ ) ।

चण्डीका स्थित खस खुलाल कुँवरहरुको कुल देवता सिउँदारे मस्टो हुन् । यी कुलदेवताको भोग रगतको बलीबाट दिईन्छ । मुख्यगरी यी कुलदेवताको पूजा जेठासी पूर्णिमाका दिन विधिविधान सहित गरिन्छ । यी देवतालाई विशेष धार्मिकस्थल जस्तै जिमराणी, काँशी, हरिद्धार, मानसरोवर जस्ता पवित्र स्थानमा नुहाएर माणु, माण्डोमा विधिका साथ स्थापना गरिन्छ । देवता खुशी भएको स्थितिमा सोहीदिनमा र देवता खुशी नभएको अवस्थामा पञ्चमी (पाँचदिनं), र सप्तमी ( सातदिन ) मा धुमधामका साथ बाजागाजा सहित व्रत वसी पुजाआजा गरिसकेपछि निखोट कालो बोकाको बली दिईन्छ । बली दिइसकेपछि सो प्रसाद बन्धुबान्धव बाहेक एकाघरका महिलालाई पनि दिईदैन । बाँकी रहेको सो प्रसाद जमिनमा गाडिन्छ ।कसैले पनि सो प्रसादको बारेमा मिठो नमिठो केहि भन्न पाउँदैन । सो सम्पूर्ण काम कार्वाही मुख्य कुल पुजारा र बाहुनको निगरानीमा सम्पन्न हुन्छ ।

### ४.११.१०.२ छाउपडी

सेती र महाकाली अञ्चलमा अर्थात खस प्रशासित क्षेत्रका विभिन्न सामाजिक संस्कारहरु मध्य गोठ पठाउँने परम्परा ( छाउपडी ) पनि एक महत्वपूर्ण सामाजिक प्रचलन हो । मध्य र पूर्वि पहाडी नेपालमा पाखा सर्ने, पन्छिने, वा छुइ बार्ने आदि शब्दावलीबाट चिनिने यो प्रथालाई यो क्षेत्रमा गोठ पठाउने भनी सम्मानित नामले बुझिन्छ जुन कठोर रुपमा बार्ने गरिन्छ ।

विशेषगरी उमेर पुगेका महिलाहरुमा मासिक रुपमा रजस्वला हुने प्रक्रियालाई यस क्षेत्रमा गोठ पठाउने प्रथा भनिन्छ । वर्तमान समयमा केही कथित सामाजिक अभियन्ताहरुले गोठ पठाउँने प्रचलनलाई सामाजिक विकृतिसंग जोडेर व्यख्या गरेका छन् । वस्तुतः यो सामाजिक अपव्यख्या भन्दा पनि आर्थिक, धार्मिक, सामाजिक र शैक्षिक मनोविज्ञानसंग जोडिएको विषय हो भन्ने दृष्टिकोणबाट पनि व्यख्या गर्न सकिन्छ ।

स्थानीय मानिसका भनाइ अनुसार कन्या केटि प्रथम पटक रजस्वाला हुँदा २२ दिन सम्म गोठ बस्ने चलन थियो । पछि क्रमश समय अवधी घट्दै गएको देखिन्छ । आजभोली पनि कन्या प्रथम पटक रजस्वाला हुँदा ११ दिन सम्म र दोस्रोपटक देखि अविवाहितलाई ७ दिन र विवाहित महिलालाई ५ दिन सम्म गोठ बस्ने चलन छ ।

विशेषगरी छाउगोठ ३-४ जना जति सुत्न र वस्न मिल्ने गरी करिव १ मिटर देखि डेढ मिटर सम्म अग्लो र २ मिटर जति चौडा गोठ बनाईन्छ । स्थानीय ढुंगा, काठ, बाँस, र खर लगायतका निमार्ण सामग्रीको प्रयोग गरी छाउगोठ बनाईन्छ ।

रजस्वाला भएको अवस्थामा धार्मिक कार्य निषेध छ भने मठ, मन्दिर, थान र देवालयहरुमा जान बर्जित छ । विशेषगरी धामी र पुजारीहरु छाउबारेका महिला र अपशोच बारेका क्रियापुत्रीहरु भन्दा टाढा बस्ने चलन छ ।

### ४.११.१०. होरी

होरी, चण्डीका क्षेत्रमा मौलिक विशेषता बोकेको चाड हो । महा शिवरात्रीको दिन होरी शुरु गर्ने (पैइट्याउने) पाँच दश दिन अघि सुरुगरी भन्थान, पटकानीमा होरी खेलिन्छ । सेतो जामा पकडी सेतै बस्त्रको भेष भुषामा पुरुषहरुले होरी खेल्छन् । होरी गायनको विधामा धमारी, रसिया र पौपट, देउडा, विभिन्न छन्दमा लय हालेर गाँउदै खेलिन्छ । एक आपसको अनुहारमा रगंलगाई होरीको शुभकामना आदान-प्रदान गरिन्छ । अबिर तथा विभिन्न रंगले रंगिएका पुरुष मानिसहरुले हात-खुट्टाको चालसँगै शरिरको हाउभाउ देउडा अनुसार प्रर्दशन गर्नुपर्दछ । होरी खेल प्राय चार-पाँच सुरु भई साँझको खान नखादासम्म र खाना खाइसकेपछि रातको ११-१२ बजेसम्म गरी दुई चरणमा खेलिन्छ । पूर्णिमाको दिन लिङ्गोगाडी होलीका दहनगरी सकेपछि होरी खेलको विसर्जन गरिन्छ ।

यस क्षेत्रमा विशेषगरी फागुपूर्णिमामा फाग गाउँने चलन छ । वसन्त ऋतुको समयमा गाइने फाग निकै रमाइलो हुन्छ । ७ देखि लिएर १४ दिन सम्म होली वा होरी खेल्ने प्रचलन छ । विशेषगरी रामायण र महाभारतमा आधारित गीतहरु लयबद्ध तरिकाले विविन्न लोकछन्दमा गाईन्छ । प्राय गीतहरु महिला पुरुष दुवैले गाउँछन् । गीतमा प्रेमप्रणय, लोकजीवनका कथाव्यथा, रामायण र महाभारतका गाथा, हुड्क्या, भार्त्या, भूवो, गौरा, देउडा, होरी, फाग, भफ्फोडा, धमारी, चाँचरी, मांगल, भस्सो, भइल र सगुन लगायतका गीतहरु गाईन्छ ।

फागुपूर्णिमाको समयमा साँफेबगर चण्डीकामा निकै ठूलो उत्सव मनाईन्छ । होलीको शुभारम्भमा गाइने गीत र होरी विसर्जन गर्दा गाउँने गीत फरक फरक हुन्छ । होरीको शुभारम्भ गर्दा गाएर खोलिने होरी गीतको एउटा नमुना यस प्रकार चर्चा गरिएको छ ( सुवेदी, वि.सं २०५८, पृ ३३६ ) ।

तमही हमही होरी जानीभो वृज ख्यालु रच्थो ।

जानीभो वृज ख्यालु रच्यो

नदी जमुनाके तीर जानीभो वृज ख्यालु रच्यो

ए कहिंन भरीभो आंचली हो आंचली हो ।

कहीं न भरीयो अविर जानीभो वृज ख्यालु रच्यो ।

तमही हमी ..................................................

कुपर्नेलन भरियो आचली हो आचली हो

आचलन भरियो अवै होरी जानी भो वृज ख्यालु रच्यो ।

ए काहेको विन्देवानी हमे विन्देवानी हो ।

काहेको माथे मुकुट अवै होरी जानिभो वृज ख्यालु रच्यो ।

तमही हमही होरी पानीभो वृज ख्यालु रच्थो ।

राधैकी विन्दू वानी विन्दी ।

ए कृष्ण कि माथे मुकुट जानी भो वृज ख्यालु रच्थो ।

तमही हमही जानीभो वृज ख्यालु रच्थो

काहेमें डालो अवीर अवै होरी जानीभो वृज ख्यालु रच्थो ।

कृष्णमे डालो अवीर अवै होरी जानीभो वृज ख्यालु रच्थो

ए राधेमे डालो केशरी लाल केशरी

तमही हमही होरी जानी वृज ख्यालु रच्थो ॥

वसन्त ऋतुको समय प्रेममय नै हुन्छ । यस गीतमा पनि राधाकृष्णको प्रेमप्रसंगलाई लोकभाकामा अभिव्यक्त गरिएको छ । जीवनमा पीडामात्र छैन । हर्ष र सुख पनि छ । जीवनलाई उत्सवमय र प्रेममय तरिकाले जिउनुपर्छ भन्ने भावार्थ यो गीतमा रहेको छ ।

खस खुलाल कुँवरहरु लोकसाहित्य, लोकसंस्कृति र लोकनाट्य परम्परामा उत्तिकै सम्पन्न छन् । जीवनयनपनको क्रममा भोगिने भोगाईहरुलाई अभिव्यक्त गर्नेक्रममा लोकसाहित्यको जन्म हुन्छ । लोकसाहित्यको कुनै स्रष्टा हुँदैन । यो सामुहिक चेतनाको प्रतिध्वनी हुने भएकाले यसको भावभूमिमा सामूहिकताको भाव अभिव्यक्त भएको हुन्छ । खस खुलाल कुँवरहरुले आफ्नो जिदगीका भोगाईहरुलाई अभिव्यक्त गर्न लोकसाहित्यलाई नै माध्यम बनाएका छन् ।

परिवारमा हर्षोल्लासका समयमा खुशी व्यक्त गर्न विभिन भाकाका गीतहरु गाउँने चलन छ । जस्तै परिवारमा बच्चाको जन्म हुँदा छैटौंदिन अर्थात छैटीमा मिठो र लयात्मक स्वरलहरीमा मांगल गाईन्छ । बच्चाको व्रतबन्धमा मांगलको साथै हुड्क्यौली गाईन्छ । यी लोकसहत्यिहरुमा रामायण महाभारत लगायतका पौराणिक घटना र पात्रहरुलाई आधार बनाएर मांगल गाउँने चलन छ ।

खस खुलाल कुँवरहरुको आजिविका कृषिसंग सम्बन्धित छ । प्रकृति र परिवेश अनुसार खेतीपातिको पद्धति र प्रकारमा भिन्नता छ । प्रकृतिगत विभिधता अनुसार नै फरक फरक लोकसंस्कृति मनाउँने चलन छ । विशेषगरी रोपाईको समयमा बाउसे, हली र रोप्न्यारीहरुले देउडा, चाँचडी, न्याउल्या, लगायतका गीतहरु गाउँछन् ।

# अध्याय–पाँच

# उपसंहार तथा निष्कर्ष

वर्तमान सन्दर्भमा अति पिछडिएको सुदूर पश्चिम प्रदेश प्रारम्भिक मध्यकालमा निकै समुन्नत रहेको थियो । सुदूर पश्चिम प्रदेश क्षेत्रमा स्थापित एवम् विकसित खस सभ्यताको अध्ययन बिना नेपालको इतिहास अपूर्ण हुन्छ । मध्यकालीन नेपालको पृष्ठभूमीमा ३ वटा राज्यहरु प्रमुख थिए । काठमाण्डौ उपत्यकाको मल्ल राज्य अर्थात नेवार राज्य, मिथिला प्रदेश अर्थात सिम्रौनगढमा नान्यदेवले स्थापना गरेको तिरहुत राज्य र पश्चिम नेपालको खस राज्य । यि राज्यहरु मध्ये खस साम्राज्यबाट बिभाजित २२ से र चौबिसे राज्यहरु मध्य गण्डकी प्रस्रवण क्षेत्रमा चौबिसे राज्य अन्तर्गत नपर्ने र स्वतन्त्र रुपमा स्थापित गोरखा राज्यले यी सबै राज्यलाई गोरखा राज्यको विस्तारको क्रममा ऐकीकरण गर्ने अवसर प्राप्त गऱ्यो । वर्तमान नेपालको सिलन्यासमा खस समुदायको ऐतिहासिक भूमिका माथि प्रश्न नउठेको होईन तर लिच्छवीकालको प्रारम्भिक थालनी भै काठमाण्डौ उपत्यकामा खस समुदायको आगमन भईसकेको तथ्यलाई इतिहासकारहरुले स्वीकार गरेका छन् । कुलचन्द्र कोईराला र बालकृष्ण पोखरेल लगायतका विद्धानहरुले गोपाल र महिषपालवंशी शासकलाई खस समुदायको एउटा प्रशाखाको रुपमा स्वीकार गरेको आधारमा नेपाली सभ्यताको सिलन्यासमा खस समुदायको भूमिकाबारे बहस गर्न उचित हुन्छ । तर वर्तमान परिप्रेक्षमा खस समुदायको विषय माथि अनेकौं प्रश्नहरुको प्रहार हुनेहुँदा प्राज्ञिक लेखन र वहस गर्न पनि नहुने अवस्था छ । वस्तुतः राजनैतिक लाभहानीको दृष्टिकोणबाट खस समुदाय माथि जे जस्तो प्रश्नको आक्षेप लगाए पनि ऐतिहासिक, पुरातात्विक र पौराणिक दृष्टिकोणबाट विश्लेषण गर्दा खस समुदायको भूमिका माथि न्याय गर्न सकिन्छ ।

खस आर्य समुदाय भनी चिनिने खसहरुलाई पौराणिक शास्त्रकार र मानवशास्त्रीहरुले वेद नमान्ने अर्थात अवैदिक आर्य यानेकी खस समदाय भनी सम्वोधन गरेका छन् । खस सभ्यताको पृष्ठभूमिको विश्लेषण गर्दा उनीहरु प्रकृतिपूजक प्रतीत हुन्छन् । तर डोर बहादुर बिष्टका अनुसार खस समुदायहरुलाई जबर्जस्ती तागाधारी अर्थात ब्रम्हाण, क्षेत्री बनाएपछि कालान्तरमा उनीहरु हिन्दूकरणमा परिणत भएको मानिन्छ । खस सभ्यतामा विकास भएको शिखर शैलीका मन्दिरहरु, देवल, थानहरु, माणु, माण्डो, दरवार, नाउलो, कीर्तिखम्ब, विहार,

चैत्य र किल्ला वास्तुकलाका अवशेषहरुले उनीहरु हिन्दू धर्मावलम्बी भएको प्रतीत हुन्छ र बौद्ध धर्मप्रती पनि उनीहरुको समान आस्था भएको कुरा उनीहरुले धारण गर्ने विभिन्न विरुदावली वा उपाधीहरुबाट प्रमाणित हुन्छ ।

खस सभ्यता अर्थात खस मण्डलमा नेपाली भाषाको भावार्थमा बुझिने खस भाषाको उत्पत्तिस्थल सिंजा क्षेत्र हो । खस सभ्यताको पतनसंगै खसहरु २२ से र २४ से राज्यमा विभाजित भई पूर्वलाग्ने क्रममा खसभाषाले पनि विस्तार हुने अवसर पायो । कालान्तरमा आएर पूर्ण हिन्दू भईसकेको खस समुदायले गण्डकी प्रस्रवण क्षेत्रमा विशेषगरी शैव र शाक्त धर्म र दर्शनलाई विस्तार र विकास गरेका थिए । गण्डकी क्षेत्रका सांस्कृतिक फाँटहरुको अध्ययन गर्दा पनि यस तथ्यको प्रमाणित हुन्छ । गोरखा राज्यको स्थापनामा खस समुदायको महत्वपूर्ण भूमिका देखिन्छ । गोर्खा राज्य २४ से अर्न्तगत नरहे तापनि गोरखा राज्यमा खस संस्कृतिको प्रभाव देखिन्छ । यद्यपि गोरखा राज्यको उदयकाल ताका काठमाण्डौको मल्ल राज्यमा समेत खस संस्कृतिको प्रभाव देखिन्छ । जितारी मल्लले पटक पटक काठमाण्डौ आक्रमण गर्दा सैनिकको रुपमा आएका केहि खसहरु काठमाण्डौमा बसेको हुनसक्ने सभ्यतालाई नकार्न सकिन्न ।

मल्लकालका अभिलेखहरुमा खस समुदायलाई हेयको रुपमा हेरेको भाव पाईन्छ । प्रताप मल्लले त शिलालेखमै नेपाली भाषा अर्थात खस भाषालाई स्थान दिईएको उदाहरण छ । पृथ्वी नारायण शाहले गोरखा राज्यको विस्तार र नेपाल उपत्यकाको ऐकिकरणमा गुरुङ्ग, मगर, लगायतका सैनिकहरुको साथसाथै थापा, बस्न्यात, कुँवर, अर्याल, पाण्डे, लगायतका खस क्षेत्री सिपाहीहरुले पनि उत्तिकै योगदान गरेका थिए । यस प्रसंगमा पृथ्वीनारायण शाहको पालामा रामकृष्ण कुँवर र नेपाल अंग्रेज युद्ध हुँदा नालापानी किल्लाका किल्ला नायक बलभद्र कुँवरको ऐतिहासिक योगदानलाई कम मूल्यमा आँकलन गर्न मिल्दैन । राणा शासन व्यवस्थापनका कारक जंगवहादुर कुँवर बालनरसिंह कुँवरका छोरा थिए । पछि हेय जातिको रुपमा मानिएकोले आफूलाई राजपुत सरह देखाउन राणाको उपाधि लिएको र लेखाएको इतिहास छ । वस्तुतः खसहरुले आफूलाई हेयको रुपमा स्वीकार गर्नु ऐतिहासिक भुल थियो भन्ने बुझ्नु पर्दछ ।

नेपालको सामाजिक तथा सांस्कृतिक क्षेत्रमा खस सभ्यताको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । नेपालका ब्राम्हण तथा क्षेत्रीहरुको जातीय आधार खस सभ्यता नै भएको

तथ्य सूर्यमणी अधिकारी, प्रयागराज शर्मा र बालकृष्ण पोखरेल लगायतका विद्वानहरुले स्वीकार गरेका छन् । खस सभ्यता खसान क्षेत्रका विभिन्न स्थानबाट बसाईसरी आएका मानिसहरुलाई तत्तत् स्थान नामका आधारमा सम्बोधन गर्दा कालान्तरमा जात बन्न पुगेको तथ्य वर्तमान समयमा देखिएका ब्राह्मण क्षेत्रीहरुको तुलनात्मक अध्ययन गर्दा पनि थाहा हुन्छ । खस सभ्यताबाट अनेकौ टुक्रामा विभाजित भई पूर्वतर्फ बसाईं सरेका जातिहरुमा अद्यपि आफ्नो कुल देवताको रुपमा मस्टोलाई पूजा गर्ने परम्परा रहेको तथ्य कुलचन्द्र कोईरालाले पनि स्वीकार गरेका छन् । धामी झाक्रीको रुपमा काम गर्ने धामीले, धामी बस्दा वा काम्दा बोल्ने भाषालाई खामभाषा वा धामीभाषा भनिन्छ । त्यस भाषामा भोट बर्मेली भाषाको प्रभाव देखिन्छ ।

नेपाल मानवशास्त्रीय अध्ययनको लागि उर्वर भूमि हो । तर प्रायः स्वदेशी वा विदेशी विद्वानहरुले मानवशास्त्रीय अध्ययन गर्न आदिवासी जनजातीलाई नै बढी जोड दिएको देखिन्छ । विशेषगरी शेर्पा, गुरुङ्ग, मगर, थारु, नेवार, राई, लिम्बु आदिको बारेमा बढी अध्ययन गरिएको देखिन्छ । तर आदिवासीको भूमिकामा स्थापित हुनसक्ने पौराणिक र पुरातात्विक प्रमाण भएका खस समुदायलाई मानवशास्त्रीय अध्ययनको विषय नवनाईएमा प्रश्न उठान गर्न सकिन्छ ।

पश्चिम नेपालको खस (सभ्यताका) समुदायका विषयमा अत्यन्त कम अध्ययन भएको छ । सभ्यताकै रुपमा विकसित खसहरुको विषयमा किन अध्ययन भएन ? यो प्रश्नको जवाफ आउन सकेको छैन । खस समुदाय भित्रका विभिन्न जात, उपजातहरु मध्ये खस खुलाल कुँवरहरुको संक्षिप्त अध्ययन गर्ने प्रयास यस शोधपत्रमा गरिएको छ । शोधको सीमा र समयको अभावका कारण खस खुलाल कँवरहरुको संक्षिप्त अध्ययन गरिएको छ । खस खुलाल कुँवरहरुको जातिगत परिचय, मूर्त अमूर्त सांस्कृतिक सम्पदा, भौतिक सम्पदा र अन्य किम्वदन्ती र वंशावलीको माध्यमबाट जातिगत इतिहासको अन्वेषण गर्ने प्रयास गरिएको छ । यो अध्ययन पूर्ण होईन तर विषयगत उठान मात्र हो । खस खुलाल कुँवरहरुको विषयमा तयार पारिएको यो शोधपत्र मानवशास्त्रीय अध्ययन होईन तर यस अध्ययनलाई सांस्कृतिक र पुरातात्विक दृष्टिकोणबाट संक्षिप्त रुपमा प्रकाश पार्ने प्रयास मात्र हो भन्न सकिन्छ ।

खस सभ्यता र संस्कृतिको पुराणदेखि लिएर पुरातात्विक सभ्यताको चर्चा गरिएको छ । प्रागैतिहासिक मानवले विचरण गरेको तथ्यलाई यस क्षेत्रमा प्राप्त ऐतिहासिक उपकरणहरुले प्रमाणित गरेका छन् । विशेषगरी स्कन्दपुराण, महाभारत र हिमवतखण्डमा पनि यस क्षेत्रको विशेष परिचर्चा गरको हुँदा पौराणिक र प्रागैतिहासिक सभ्यताको सांस्कृतिक संगमको रुपमा यो क्षेत्र परिचित छ ।

यस सन्दर्भबाट अछाम जिल्लालाई प्रागैतिहासिक, पौराणिक र पुरातात्विक कोणबाट विश्लेषण गर्ने आधार मिलेको छ । खस समुदायको अति माननीय कुलदेवता मस्टो वैदिक देवता हाईनन् तर यि देवता भगवान शिवका साक्षात स्वरुपमा मानिन्छ । इन्द्र, मरुत र शिवसंग जोडेर पौराणिकिरण वैदिकीकरण गर्ने प्रयास गरिएको छ । यद्यपि यि देवता ग्राम देवता, लोकपाल देवता, हुन भन्नेमा विवाद छैन । हुनसक्छ, खस समुदायक पुर्खाहरुले ऐतिहासिक कालदेखि पुज्दै आएका लौकिक देवता नै मस्टो हुन् । यी देवतालाई आदि शंकराचार्यको आगमनपछि वैदिकिकरण र पौराणिकीकरण गरियो । यसकारण पौराणिक सन्दर्भहरुको आधारबाट यस तथ्यलाई जोड्न सकिन्छ । यस पौराणिक आख्यानलाई आधारमानी मानवशास्त्रीय अध्ययन गर्न सकेमा नयाँ तथ्य आउन सक्ने सम्भाव्यताको अनुमान गर्न सकिन्छ ।

खस समुदायको धार्मिक तथा सांस्कृतिक चिन्तनमा वैदिक प्रभाव छ । यद्यपि यहाँको जीवन पद्धति, सामाजिक सांस्कृतिक आचार व्यवहारमा मस्टोसंग सम्बन्धित जनविश्वासहरु जोडिएको पाईन्छ । कसैलाई श्राप दिनु पऱ्यो भने तँलाई मस्टो लागोस भन्ने परम्परा छ । यद्यपि मस्टोलाई लोककल्याणकारी अर्थात न्याय र निसाफका देवता मानिन्छ । सर्वसाधारणले न्याय सम्पादन गर्दा होस या अभियुक्तले वकपत्र गर्दा होस मस्टो देवतालाई साक्षी राखेर कसम खाने सामाजिक अभ्यासले मस्टो प्रतिको आस्था विश्वासलाई पुष्ट्याउँछ । अझ कुनै व्यक्ति बिरामी भएमा, छिटो निको होस भनी मस्टोलाई भाकल गर्ने प्रचलन हुँदा मस्टोलाई स्वास्थ्य र उपचारको देवता पनि मान्न सक्ने आधारको परिकल्पना गर्न सकिन्छ । अछाम स्थित चण्डीकाका खस खुलाल कुँवरहरुको पूजापद्धत्ति आस्था र विश्वास र धामी परम्परा मस्टोसंग जोडिएकोले यस सम्बन्धलाई हेर्न सकिन्छ ।

अछाम चण्डीकाका खस खुलाल कुँवरहरुले वैदिक देवता भन्दापनि लौकिक देवतालाई बढी विश्वास गर्दछन् । विशेष गरी चण्डीका देवी, कालिका देवी, बान्नीदेवी

अथवा बरदादेवी , दशमहाविधा अर्न्तगत की षोडशा देवी, जाल्पादेवी, जिमराणी, धवलपुरो , तिलकीचन्द्र, काल भैरव लगायतका स्थानीय देवदेवीहरुको पूजाआजा गर्ने प्रचलन  अन्य समुदायमा जस्तै खस खुलाल कुँवरहरुमा पनि छ ।

तान्त्रिक, वैदिक र लौकिक यी देवदेवी र यिनको नाममा स्थापना गरिएका विभिन्न मठ मन्दिर, थान, माण्डो र माणुहरुमा अनेकौं जात्रा पर्व र परम्पराहरु जोडिएका छन् । सौम्य र तान्त्रिक प्रकृतिद्धारा देवदेवीहरुलाई सोहि अनुरुपको पूजापाठ र प्रसाद अर्पण गरिन्छ ।

अछाम जिल्लामा विभिन्न मठ मन्दिरहरु लगायत ऐतिहासिक एवम् पुरातात्विक सम्पदाहरु छन् । विनायक देवल, घुघुरकोट, श्रीकोट, दर्नाकोट, बान्नीगढी, जिमराणी, जनालीकोट, वैद्यनाथ धाम, साँप्याका काला भैरव लगायतका दर्जनौं सम्पदाहरुमा यहाँका समुदायहरुको सामाजिक, धार्मिक र सांस्कृतिक परम्परा गाँसिएको छ । यी सम्पदाहरुभित्र गाँसिएका लोकसाहित्य, लोकविश्वास, किम्वदन्ती, देउडा गित, हुड्क्यौली, धमारी, मागल, होरीका देउडा आदिको अभिलेखन, अनुसन्धान, संरक्षण र सम्बर्द्धन गर्दै दिगो विकासको अवधाराणालाई अगाडि बढाउन सकिन्छ ।

अछामको चण्डीका गाउँका खस खुलाल कुँवरहरुले अन्य खस समुदायले जस्तै दशैं, तिहार, पुसपन्ध्र, होरी, शिवरात्री, भुवो, औंसी, अनन्त्या, जेठासी पूर्णिमा, रोट्या त्यार,विसु, पुतला लगायतका धेरै चाडपर्वहरु मनाउंछन जुन अन्य भुगोल र समुदायको भन्दा पृथक छन् । फाँणो, कापु, सैनाको कापु, पिनापानी, कागुनोको भात र कादोको रोटी, निसास्या रोटो, मास चाम्ल्या रोटो, पात लाएका माछा, बटुक, लगायतका खानाका परिकारहरुमा यहांको मौलिक स्वाद पाईन्छ । लोकनृत्य, लोकसंगीत र लोकभाकाको समिश्रण पाईने हुड्क्योली, देउडा, ठाडी भाक्या, होरी, चैत धमारी, भुवा लगायतका सांस्कृतिक एवम् सांगितिक परम्परामा यहाँका खस खुलाल कुँवरहरु अभ्यस्त छन् ।

कसैको सामान हराएमा वा चोरी भएमा तन्त्रमन्त्रको माध्यमबाट खोजी गर्ने दैवीय पद्धतिमा आश्रित न्यायिक प्रकृतिका परम्पराहरुमा यहाँको जीवनजगत प्रतिको विश्वदृष्टिकोण अभिव्यक्त भएको देखिन्छ ।

मस्टो पुज्ने, रजवार, पुजारी, धामी, गोठ पठाउँने परम्परा ( छाउपडी ) लागि यो क्षेत्र प्रसिद्ध छ । जल्को हाल्ने, गनः हान्ने, छिटो हाल्ने, ग्रह मन्त्रको पानी मन्त्रने, काप्रो बोध्ने जस्ता परम्परागत उपचार पद्धतिमा खस खुलाल कुँवरहरु लोक विश्वास छ ।

स्थानीय आस्थामा देवभूमि भनि जानिने अछाम लाई विभिन्न विद्धानहरुले खस समुदायको प्रवेशद्धार मानेका छन् । संस्कृति र प्रकृतिको संगमस्थल खसान सभ्यतामा अछाम जिल्लाको महत्वपुर्ण भूमिका देखिन्छ ।

यस क्षेत्रको धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाहरुलाई संरक्षण गरी पर्यटनको विकासको लागि आवश्यक पुर्वाधारहरुको निर्माण गर्न आजको जरुरी आवश्यकता हो । ऐतिहासिक विशिष्टता वहन गर्दै आएका खस सभ्यताको अध्ययन अनुसन्धानको लागि एउटा अुनसन्धान केन्द्र स्थापना गर्नु जरुरी देखिन्छ । आधुनिक विकास निमार्णका कार्यले पारेका नकारात्मक प्रभावहरुलाई न्युनिकरण गर्दै वातावरणीय र पर्यावरणीय कोणबाट अध्ययन गरी संस्कृति र प्रकृतिको संरक्षणमा ध्यान दिनु पर्ने उपायहरुको खोजी गर्न सरोकारवालाहरु लाग्नु पर्छ । लोपोन्मुख अवस्थामा पुगेका सांस्कृतिक प्रकृतिका गरगहना, संगीत तथा वाद्यवादनका साधनहरु, जनजीवनसंग जोडिएका उपकारण, प्रविधि, जात्रा पर्व र परम्पराका सामग्रीहरु, लोकसाहित्य, गीति परम्परा आदि विषयहरुको संरक्षण गर्न समग्र खस समुदाय र क्षेत्रको प्रतिनिधित्व हुने गरी संग्रालय स्थापना गर्न जरुरी छ ।

मुलतः सुदूर पशिचमाञ्चल बिश्वविद्यालय, प्रदेश सरकारका पर्यटन, समाजिक र सांस्कृतिक मन्त्रालयहरुले यस प्रकारको प्राज्ञिक अनुसन्धानमा गुरुयोजनाहरु तयार गरी आवश्यक कामकार्वाही थाल्नु आजको टडकारो आवश्यकता भईसकेको छ ।

आय आर्जनको एउटा आधार पर्यटन हो । यसकारण पर्यटनलाई कसरी दिगो विकास गर्न सकिन्छ भन्ने विषयमा सरोकारवाला निकायसंग छलफल गरी नीतिगत नियम र गुरुयोजना बनाइ त्यसको कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

पुरातात्विक अन्वेषण र उत्खनन् गरी सम्पदाहरुको संरक्षण र अभिलेखन गर्न संग्रालय स्थापना गर्नको लागि पुरातत्व विभागसंग छलफल र समन्वय गर्न सकिन्छ । यसको लागि स्थानीय सरकार र प्रदेश सरकारले केन्द्र सरकारसंग आवश्यक समन्वय गर्न जरुरी छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, सूर्यमणी, (वि.सं.२०५३), *पश्चिम नेपालको खस अधिराज्य,* कीर्तिपुरः त्रि.विः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

अधिकारी, सूर्यमणी, ( वि.सं.२०५५), *जुम्ला राज्यको इतिहास,* कीर्तिपुरः त्रि.विः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

अधिकारी, सूर्यमणी, ( वि.सं.२०६१), *खस साम्राज्यको इतिहास,* काठमाण्डौः. भुँडीपुराण प्रकाशन ।

कुँवर, ध्वजबहादुर, ( वि.सं.२०५६), *कुँवरवंशको ऐतिहासिक परिचय,* अछामः कुँवर सेवा समिती अछाम ।

कुँवर ध्वजबहादुर, ( वि.सं.२०६८, सम्पा) *अछामको होरी र धमारी,* अछाम : कुँवर सेवा समिती अछाम ।

कुँवर, यमराज, ( वि.सं.२०६९), *अछाम-खप्तड पर्यटन सम्भावना,* नेपालगञ्ज : न्यु खप्तड ढुवानी सेवा ।

कोईराला, कुलचन्द्र ( वि.सं.२०५२) *नेपाली खस बाहुनका कुल देवता मस्टो,* काठमाण्डौं : गुठी संस्थान ।

खड्का, प्रकाश , ( वि.सं.२०६९) *खप्तडी लोक संस्कृति एक अन्वेषण,* त्रि.वि.इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित एम.ए. शोधपत्र ।

खड्का, श्याम बहादुर, (वि.सं.२०७२), *मस्टो संस्कृति र परम्परा,* काठमाण्डौः एकता बुक्स ।

चटौत,आर.डी.,( वि.सं.२०५८) *डोट्याली बृहत शव्दकोष,* काठमाण्डौः बेलु-विश्व प्रतिष्ठान ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद,(वि.सं.२०५९), *अनुसन्धान पद्धति,* काठमाण्डौः एम.के. पब्लिर्सस एण्ड डिस्ट्रिव्युटर्स ।

नेपाल, ज्ञानमणी,( वि.सं.२०६२), *नेपालको माध्यमिक कालको इतिहास,* काठमाण्डौः मकालु बुक्स एण्ड स्टेशनर्स ।

पन्त, जयराज, ( वि.सं.२०६४) *मस्टा परम्परा र त्यसको गीतहरु,* काठमाण्डौः वाङ्मय प्रकाशन तथा अुनसन्धान केन्द्र प्रा.लि. ।

पन्त, जयराज, ( वि.सं.२०७४), *डोटेली गौरा पर्वका गीत र गाथाहरु,* काठमाण्डौः वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि. ।

पोखरेल, बालकृष्ण, (वि.सं.२०५५), *खस जातिको इतिहास,* विराटनगरः उदात्त अनुसन्धान अड्डी ।

बाङ्गदेल, लैनसिंह, (वि.सं.२०३९), *प्राचीन नेपाली मूर्तिकलाको इतिहास,* काठमाण्डौः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

बिजल्वाण, जे.पि., (२००७) *हिन्दी उत्तरकाशी जनपदका संस्कृतिका और राजनितिक इतिहास,* उत्तरकाशी : जनानन्द प्रकाशन ।

बिष्ट, डोर बहादुर, (२००७), *सबैजातको फुलवारी,* काठमाण्डौः हिमाल किताव ।

महर्जन, बसन्त, (२०१६), *खस साम्राज्यमा बौद्ध धर्मको उत्पत्ति र पतन,* काठमाण्डौः इन्साईट पब्लिकेसन ।

योगी, नरहरी नाथ, ( वि.सं.२०२२), *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह,* दाङ्गः आध्यात्मिक परिषद ।

राहुल, सांकृतायन, ( ई.सं, १९५३), *हिमाल परिचय,* गढवाल : अलाहवादः लाँ जर्नल प्रेस ।

रुपाखेती, श्रीहरी, (वि.सं २०६८), *नेपाली थर-गोत्र- प्रवर कोश,* काठमाण्डौः रत्नपुस्तक भण्डार ।

वशिष्ठ, गौरीशंकर, ( वि. सं २०६२ ), *असलीश्रीमद्देवी भागवत महापुराण,* वाराणशीः दुर्गा साहित्य भण्डार ।


सुवेदी, राजाराम, (वि.सं.२०५८), *अछामको इतिहास,* काठमाण्डौः श्री वैद्यनाथ क्षेत्र प्रकाशन समिती

शाह, सुरत बहादुर, ( वि.सं.२०७४), *अछाम दर्पण,* काठमाण्डौः श्री कुल-पद्मावती शाह स्मृति गुठी ।


# अनुसूची क

## सान्दर्भिक नक्सा तथा तस्विरहरु

## अछाम जिल्लाको भौगोलिक नक्सा



साँफे बगर नगरपालिका-८, चण्डीका




अछाम जिल्लाको नक्साको स्केल बमोजिम

# साँफे बगर नगरपालिका




अछाम जिल्लाको नक्साको स्केल बमोजिम

# सान्दर्भिक तस्वीरहरु



चित्र नं. १ : परम्परागत खस खुलाल कुँवरका घरहरु



चित्र नं. २ : मस्टो कुल पुजामा नाच्दै धामीहरु



चित्र नं. ३ : मस्टो कुल पुजामा नाच्दै धामीहरु



चित्र नं. ४ : पुत्ला खेल्दै अछामी खस महिलाहरु



चित्र नं. ५ : डेउडा खेल खेल्दै अछामी खस महिलाहरु



चित्र नं. ६ : परम्परागत भेष भुषामा घुड्के



चित्र नं. ७ : परम्परागत भेष भुषामा घुड्के र जोलेहरु



चित्र नं. ८ : खस खुलाल कँवरहरुको परम्परागत भुवोखेलको एक दृष्य



चित्र नं. ९ : खस खुलाल कँवरहरुको परम्परागत भुवोखेलको एक दृष्य




चित्र नं. १० : खस खुलाल कँवरहरुको परम्परागत तेल पेल्ने हाते कोल



चित्र नं. ११ : खसहरुको परम्परागत होरी खेलको एक झलक



चित्र नं. १२ : खसहरुको परम्परागत होरी खेलको एक झलक



चित्र नं. १३ : अछाम, गैरागाउँ स्थित खस खुलालहरुको चण्डीका देवी मन्दिर



चित्र नं. १४ : परम्परागत भेष भुषामा बाजा बजाउदै दमाइ र नगार्जीहरु



चित्र नं. १५ : परम्परागत भेष भुषामा बाजा बजाउदै दमाइ र नगार्जीहरु




चित्र नं. १६ : परम्परागत भेष भुषामा बाजा बजाउदै दमाइ र नगार्जीहरु



चित्र नं १७ : प्रचलित छाउगोठ, अछाम



चित्र नं १८ : प्रचलित छाउगोठ, अछाम

# अनुसूची ख

## अर्न्तवार्तामा सहभागी व्यक्तिहरुको सूची

| नाम | मिति | ठेगाना |
|---|---|---|
| श्री ध्वजबहादुर कुँवर | २०७६/०२/१५ | साँफे बगर न.पा. सिद्धेश्वर |
| श्री सुरतबहादुर शाह | २०७६/०३/०५ | साँफे बगर न.पा. कालीमाटी |
| श्री रामबहादुर कुँवर | २०७६/०२/२९ | साँफे बगर न.पा. चण्डीका |
| श्री रामभरोसा कुँवर | २०७६/०२/३० | साँफे बगर न.पा. चण्डीका |
| श्री टक्कर ताम्राकार | २०७६/०३/०१ | साँफे बगर न.पा. चण्डीका |
| श्री मोहन भूल | २०७६/०३/०१ | साँफे बगर न.पा. चण्डीका |
| श्री केशर मियाँ | २०७६/०३/०२ | साँफे बगर न.पा. चण्डीका |
| श्री गोर्‍या मियाँ | २०७६/०३/०२ | साँफे बगर न.पा. चण्डीका |
| श्री चक्रबहादुर कुँवर | २०७६/०३/०३ | साँफे बगर न.पा. चण्डीका |
| श्री रेबन्तबहादुर कुँवर | २०७६/०३/०३ | साँफे बगर न.पा. चण्डीका |
| श्री पदमबहादुर कुँबर | २०७६/०३/०४ | साँफे बगर न.पा. चण्डीका |
| श्री टंकबहादुर कुँबर | २०७६/०३/०५ | साँफे बगर न.पा. चण्डीका |